का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० कात्तिक २०८२
सोमबार
27 October 2025
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २५६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



छठ पूजाका लागि सिंगारिएको वीरगन्जको घडिअर्वा पोखरी । मधेश प्रदेशको प्रमुख पर्व छठ पछिल्लो समय काठमाडौं उपत्यका र देशभर फैलिएको छ । तस्बिर : मध्यान्ह

खानपान र जीवनशैली
परिवर्तन गरौं, स्वस्थ रहौं ।
असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात जस्ता रोगहरु लाग्न सक्छन् ।
त्यसैले,
- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौ,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अन्तर्राष्ट्रिय उडानमा ‘उडुस आतंक’

हिमालय एयरको दम्माम फ्लाइटमा उडुस भेटिएको छ । उडुसले यात्रुलाई टोक्दा एलर्जी हुँदा तनाव सिर्जना भएको छ भने यात्रु सुरक्षामाथि प्रश्न खडा भएको छ ।



**अन्जान गुभाजु/मध्यान्ह**
दम्माम, साउदी अरेबिया, ९ कात्तिक

सामान्यतया हवाई यात्रा व्यवस्थापनको दृष्टिले उत्कृष्ट मानिन्छ । व्यवस्थापकीय त्रुटिका कारण कहिलेकाहीँ हवाई यात्रा असहज बनेको कुरा उठ्छन् । सरसफाइसँग जोडेर प्रायः प्रश्न पनि उठिरहेका हुन्छन् । तर उडुस नै भेटिएको घटना भने बिरलै हुन्छन् । हिमालय एयरको दम्माम फ्लाइटमा यस्तै बिरलै घटना भएको छ ।

हिमालय एयरको दम्माम फ्लाइटमा उडुसको समस्या दोहोरिएको छ । उडुसले यात्रुलाई टोकेर एलर्जी हुँदा तनाव सिर्जना भएको छ भने यात्रु सुरक्षामाथि प्रश्न खडा भएको छ ।

कात्तिक ८ गते साउदी अरबको दम्मामतर्फ उडेको हिमालय एयरलाइन्सको उडान नम्बर एच ९५५९ मा यात्रुलाई उडुसले सताएको हो ।

वैदेशिक रोजगारीका लागि दम्माम जाँदै गरेका यात्रु बुद्धिमान तामाङले सिट नम्बर २ ‘बी’मा यात्रा गर्दा आफूलाई उडुसले टोकेको बताएका छन् । टोकाइले उनको पृष्ठ २ मा

**मिडियाको शक्ति**

# मन्त्री हुनबाट रोकिए विवादित अनुहार





मन्त्री छनोट गर्दा प्रधानमन्त्रीले विवादित व्यक्ति छानेर अन्तिममा फिर्ता लिँदा सरकार नै विवादित बन्दै गएको छ ।

**चिरञ्जीवी अर्याल**
विश्लेषक

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ९ कात्तिक

अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले डेढ महिनामा तेस्रोपटक मन्त्रिपरिषद् विस्तार गरेकी छन् । आइतबार बिहान चार जनाको नाम सिफारिस गरेर राष्ट्रपति कार्यालय पठाइएकोमा दुई जनाले मात्र मन्त्री नियुक्त भए । कार्कीले सिफारिस गरेका चारमध्ये डा. सुधा शर्मा गौतमले स्वास्थ्य तथा जनसंख्यामन्त्री र बब्लु गुप्ताले युवा तथा खेलकुद विकासमन्त्रीको शपथ लिँदा खगेन्द्र सुनार र गणपतिलाल श्रेष्ठको शपथ एकाएक रोकियो ।

गुप्ता जेनजी आन्दोलनबाट बनेको चुनावी सरकारका एक मात्रै जेनजी मन्त्री हुन् । प्रधानमन्त्री कार्कीले विवादित पृष्ठभूमिका व्यक्तिलाई मन्त्री बनाउन लागेको विषय सार्वजनिक भएर चौतर्फी आलोचना हुन थालेपछि सुनार र श्रेष्ठको नियुक्ति रोकिएको हो । श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्रीमा पृष्ठ २ मा

## सुनारको मुद्दा गम्भीर

श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्रीमा सिफारिस भएर शपथ गर्न नपाएका सुनारविरुद्ध जिल्ला अदालतदेखि सर्वोच्च अदालतसम्म विभिन्न प्रकृतिका मुद्दा रहेको पाइएको छ । मन्त्री सिफारिसको खबर बाहिरिएपछि प्रमाणसहित सञ्चार माध्यमहरूमा समाचार आएपछि अन्तिममा उनको शपथ रोकिएको थियो । सुनारविरुद्ध फौजदारी कसुरमा अदालतको अवहेलनादेखि बहुविवाहसम्मका मुद्दा विभिन्न पृष्ठ २ मा

## पहिलो जेनजी मन्त्री



जेनजी आन्दोलनकै जगमा बनेको सुशीला कार्की नेतृत्वको सरकारमा पहिलोपटक जेजनीको प्रतिनिधित्व भएको छ । प्रधानमन्त्री कार्कीले आइतबार दुई मन्त्री नियुक्त गर्दा जेनजीको कोटाबाट बब्लु गुप्तालाई मन्त्री बनाएकी हुन् । जेनजीले नै बनाएको सरकारमा जेनजी उमेर समूहका व्यक्ति मन्त्री नबनेको भन्दै आलोचना भइरहेका बेला गुप्ताको प्रवेशले अब त्यो आलोचनालाई मत्थर पृष्ठ २ मा

# चुनावतर्फ मोडिए दलहरू

संसद् पुनर्स्थापनाको माग गरिरहेको नेकपा एमालेले पनि चुनावको तयारीसमेत अगाडि बढाउने नीति अख्तियार गरेको छ । योसँगै सबैजसो राजनीतिक दल चुनावका लागि तयार भएर त्यसअनुसारका गतिविधिमा सरिक हुन थालेका हुन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ कात्तिक

राजनीतिक दलहरू विस्तारै आगामी फागुन २१ को चुनाव केन्द्रित हुन खोजेका छन् । चुनाव नै नहुने हो कि भन्ने आशंकाबीच राजनीतिक रूपमा संसद् पुनर्स्थापनाको माग राख्ने नीति कतिपय दलको छ । तथापि संसद् पुनर्स्थापनाको माग गरिरहेको नेकपा एमालेले पनि चुनावको तयारीसमेत अगाडि बढाउने नीति अख्तियार गरेको छ । योसँगै सबैजसो राजनीतिक दल चुनावका लागि तयार भएर त्यसअनुसारका गतिविधिमा सरिक हुन थालेका हुन् ।

नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीका अनुसार एमालेले चुनावको तयारी र संसद् पुनर्स्थापनाको मुद्दा सँगसँगै अगाडि बढाउने नीति लिएको छ ।


यही कात्तिक ८ गते नवलपरासीको सुनवलमा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उनले सरकार नै फागुन २१ मा निर्वाचन गराउने वातावरण बनाउन नलागेकाले संसद् पुनर्स्थापनाको एजेन्डा पार्टीले नछोडेको बताए । उनले भनेका छन्, ‘सरकार नै निर्वाचन गराउने वातावरण बनाउन नलागेकाले संसद् पुनर्स्थापनाको एजेन्डा पार्टीले नछोडेको हो ।’

एमालेका अन्य नेताहरू पनि सरकारले भयरहित वातावरणमा चुनाव गराउँदैन कि भन्ने त्रास रहेको बताउँछन् । यही कारण राजनीतिक रूपमा संसद् पुनर्स्थापनाको एजेन्डा नछोड्ने र चुनावको तयारी पनि अगाडि बढाउने नीति लिइएको हो ।

नेपाली कांग्रेसले औपचारिक रूपमा संसद् पुनर्स्थापना कि चुनाव भनेर निर्णय लिएको छैन । यसअघि बसेको केन्द्रीय समितिको बैठकको निरन्तरतामा यही कात्तिक १३ गतेबाट पुनः केन्द्रीय समितिको बैठक बस्दै छ । सो बैठकबाट निर्णय लिने तयारीमा कांग्रेसका नेताहरू छन् ।

कांग्रेसका नेताहरू पनि चुनाव हुनुपर्ने र चुनाव हुँदा कांग्रेस चुनावबाट नभाग्ने बताउँछन् ।

कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्का कांग्रेस चुनावबाट पृष्ठ २ मा



कांग्रेस चुनावबाट भाग्दैन, चुनावको वातावरण सरकारले बनाउनुपर्छ । हामी चुनावका लागि तयार छौं ।

**पूर्णबहादुर खड्का**
कार्यवाहक सभापति, कांग्रेस



सरकार निर्वाचन गराउने वातावरण बनाउन नलागेकाले संसद् पुनर्स्थापनाको एजेन्डा पार्टीले नछोडेको हो ।

**प्रदीप ज्ञवाली**
उपमहासचिव, एमाले

**वैदेशिक रोजगार विशेष**

# विदेशमा हुने नेपाली कामदारको मृत्युदर घटाउन विशेष कार्यक्रम सञ्चालन गरिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ कात्तिक

नवनियुक्त स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा शर्मा गौतमले वैदेशिक रोजगारीका क्रममा हुने कामदारको मृत्युदर घटाउन विशेष कार्यक्रम सञ्चालन गर्ने बताएकी छन् । नवनियुक्त मन्त्री शर्माले आइतबार पदभार ग्रहण गर्दै उक्त कुरा बताएकी हुन् ।

उनले जेनजी आन्दोलनका



क्रममा घाइते भएकाहरूलाई मनोपरामर्श सेवा प्रदान गर्ने पहिलो निर्णय गरेकी थिइन् । आफ्ना प्राथमिकताहरू सार्वजनिक गर्दै मन्त्री शर्माले वैदेशिक रोजगारका क्रममा हुने मृत्युको संख्या ठुलो रहेको भन्दै त्यसलाई घटाउन वैदेशिक रोजगारमा जानुपहिले गरिने स्वास्थ्य परीक्षण र स्वास्थ्य सूचना तथा जानकारी पर्याप्त मात्रामा हुनुपर्ने बताइन् । उनले भनिन्, ‘उनीहरूको कार्यस्थल जोखिमपूर्ण छ, पृष्ठ २ मा

## वैदेशिक रोजगारी सन्तति छात्रवृत्तिका लागि आवेदन आह्वान

**काठमाडौं/रासस–** सरकारले वैदेशिक रोजगार सन्तति छात्रवृत्तिका लागि आवेदन आह्वान गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालयले यही कात्तिक ३ गते एक सूचना प्रकाशन गरी आवेदन आह्वान गरेको हो । श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गई तोकिएको अवधिभित्र मृत्यु, पृष्ठ २ मा

**मलेसियामा रोजगार**

कम्पनी: BB Kawalan Sdn Bhd — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०७/०९ — चलानी नं.: ६०२४६४३२ — LT. No.: 332789

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1700 | ५६,४५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: SATRIA PERKASA SECURITY SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०६/२६ — चलानी नं.: ६०२४५९७४ — LT. No.: 332301

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1700 | ५६,४५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Z&Z FORCE SDN BHD — शहर: JALAN TENGKU PET
पूर्व स्वीकृत मिति: २०८२/०६/०३ — चलानी नं.: ६०२४५०४७ — LT. No.: 331306 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 45 | 0 | स. काममा दक्ष | 1700 | ५६,८३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक १७ र १८ (3 & 4 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
Raj Group Of Company Pvt. Ltd.
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 15904664
Mobile/Whatsaap : 9802047340 Email: info@rajgroupnepal.com,
Website:www.rajgroupnepal.com

मध्यान्ह
www.madhyanhadaily.com
१० कात्तिक २०८२ सोमबार
27 October 2025 Monday

# सुशीला सरकार बनेपछि भुंग्रोमा देश : दुर्गा प्रसाई



**काठमाडौं/मस–** राष्ट्र राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाऊ अभियानका अभियन्ता दुर्गा प्रसाईंले देश भुंग्रोमा परेको दाबी गरेका छन् ।

आइतबार मूलधारका मिडियाका सम्पादकसँगको छलफलमा उनले गत राजनीतिक दलको सरकार हुँदा तावामा छटपटिएको देश अहिले भुंग्रामा परेको बताए । अबको आन्दोलनले देश र जनताको समस्या समाधान गर्ने दाबी गर्दै उनले आफूले नेतृत्व गर्ने आन्दोलनलाई सबै पक्षबाट सहयोग गर्न आग्रह गरे ।

'केपी ओली सरकारका पालामा देश तातो तावामा थियो, अहिले भुंग्रोमा परेको छ,' उनले भने । देशको स्वास्थ्य र शिक्षा राम्रो बनाउन र युवाहरूलाई बिदेसिन नपर्ने गरी देशमै रोजगारीका अवसर प्राप्त गर्न सकिने आधार तय गर्न सकिने उनको भनाइ छ । देशमा कम्युनिस्टको सरकार भएपनि गरिबले लघुवित्तको १५ हजार तिर्न नसकेर आत्महत्या गर्नुपर्ने अवस्था आएकोप्रति आफू दुःखी भएको प्रसाईंले बताए । मेडिकल शिक्षा जनताको पहुँचयोग्य बनाउने अभियानमा लाग्दा आफूले सरकारबाट पक्राउ खानुपरेको दाबी गरेका प्रसाईंले देश र जनताका लागि अबको आन्दोलन निर्णायक बन्ने बताए ।

केही दिनमै आन्दोलनको मिति र स्वरूपबारे जानकारी दिने उनले बताएका छन् । छठपछि प्रसाईंले आन्दोलन गर्ने बताएपछि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा आइतबार उपत्यकाका तीनै जिल्ला (काठमाडौं, ललितपुर, भक्तपुर)का प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखहरूले छलफल गरेको काठमाडौंका सिडिओ ईश्वरराज पौडेलले बताए । प्रसाईंले पहिलो चरणमा आफ्ना मागबारे सरकारी पक्षसँग छलफल गर्ने र समस्या समाधान खोजेको समेत बताएका छन् ।

# 'तोकिएको समयमा निर्वाचन हुनुपर्छ'



**गोरखा/मस–** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले निर्वाचनको माध्यममार्फत संविधान र लोकतन्त्रको रक्षा गरेर अघि बढ्नुपर्नेमा जोड दिएका छन् ।

माओवादी केन्द्र गोरखाको आयोजनामा आइतबार सदरमुकाममा आयोजित कार्यकर्ता भेटघाट तथा प्रशिक्षण कार्यक्रममा उनले पछिल्लो राजनीतिक परिस्थितिमा निर्वाचनको अर्को विकल्प नभएको बताए । केन्द्रीय महाधिवेशन आयोजक समिति संयोजक दाहालले भने, 'हामी निर्वाचनबाट पछि हट्ने कुरा हुँदैन । निर्वाचनका लागि उपयुक्त वातावरण बनाउन सरकारलाई सबै ढंगले दबाब दिनु आवश्यक छ । पछिल्लो परिस्थितिको निकास यसैबाट हुनसक्छ ।'

'जेनजी' प्रदर्शनको गम्भीर समीक्षा गरेर माओवादीले जटिल परिस्थितिमा देशलाई निकास दिन निर्वाचन नै विकल्प भएको निष्कर्ष निकालेको उनको भनाइ थियो । पछिल्लो समय निर्वाचनको वातावरण बन्दै गएको र अन्य दल पनि निर्वाचनमा भाग लिन तयार भइसकेको संयोजक दाहालले बताए ।

कुनै पनि बहानामा फेरि अर्को दुर्घटना हुन नदिने जिम्मेवारी सबैको रहेको भन्दै उनले त्यसका लागि पनि तोकिएको समयमा निर्वाचन हुनुपर्ने धारणा राखे । संयोजक दाहालले 'जेनजी' पुस्ताले उठाएका प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र पूर्ण समानुपातिक निर्वाचन प्रणालीबारे आफ्नो पार्टीले सुरुदेखि नै आवाज उठाउँदै आएको पनि उल्लेख गरे ।

# आज छठको मुख्य दिन, अस्ताउँदो सूर्यलाई अर्घ्य दिइँदै

**काठमाडौं/मस–** छठ पर्वको मुख्य दिन आज साँझ अस्ताउँदो सूर्यलाई पूजा आराधना गरी अर्घ्य दिइँदैछ । कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने यो पर्वमा सूर्यदेवको आराधना, उपासना र पूजा गरिन्छ ।

छठ पर्व शुक्रबारदेखि सुरु भएको हो । सत्य र अहिंसाप्रति मानवको रूचि बढाउने तथा सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको मुख्य विशेषता हो । सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो, जसमा अस्ताउँदो र उदाउँदो सूर्यलाई पूजा गरिन्छ । ऐतिहासिक पौराणिक ग्रन्थ महाभारतमा उल्लेख भएअनुसार द्रोपदीसहित पाँच पाण्डव अज्ञातवासमा रहँदा उक्त गुप्तवास सफल होस् भनी सूर्यदेवलाई आराधना गरिएको थियो ।

त्यससमयमा पाण्डवहरु विराट राजाको दरबारमा बास बसेको उल्लेख छ । लोककथन बमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो । सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठ व्रत गरेकी थिइन् । फलस्वरूप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि 'छठ पर्व' मनाउने परम्पराको सुरुवात भएको तथ्य सूर्य पुराणमा उल्लेख छ । संसारका सम्पूर्ण भौतिक विकास सूर्यमाथि नै आधारित छन् ।

सूर्यको शक्तिविना रुख, बिरुवा, वनस्पति, प्राणी, जीवजन्तु कसैको पनि अस्तित्व रहन सक्दैन । सूर्य किरणको चिकित्सामाथि कैयौं चिकित्सकले ग्रन्थ लेखेको पाइन्छ । सूर्यको किरणबाट कैयौं असाध्य तथा अक्षय रोगको आश्चर्यजनक उपचारसमेत खोजिएको छ ।



साम्ब पुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षि दुर्वासाको सरापद्वारा कुष्ठरोगबाट पीडित साम्ब सूर्यको आराधनाको फलस्वरूप रोग मुक्त हुन गएको भन्ने चर्चा छ । छठ पर्वमा व्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ ।

यसमा झुप्पा-झुप्पा फलहरू चढाउँदा सूर्य देवता प्रसन्न भई बर्तालुका कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता पाइन्छ । यस पर्वमा जो व्रत बस्न सक्दैन उसले अर्को व्रत गर्नेबाट कामना पूरा गराउने गर्छन् ।

आर्थिक अभाव भएका मानिसहरु भिक्षा मागेरै भए पनि यो पर्व मनाउने गर्छन् । व्रतविधि छठको पहिलो दिन (चतुर्थी) व्रतीले भोजनमा माछामासु, लसुन, प्याज, कोदो, मसुरलगायत वस्तु परित्याग गरी यसै दिनदेखि व्रत बस्न थाल्दछन् । पर्वको दोस्रो दिन (पञ्चमी) खरना गरिन्छ, जसलाई पापको क्षय पनि भनिन्छ। गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरी व्रतीले यो दिन दिनभरि निर्जला व्रत बस्छन् र राति चन्द्रोदयपछि चन्द्रमालाई पायस (खीर) अर्पण गरी सोही प्रसाद ग्रहण गर्छन् ।

यस दिनपछि व्रतीले पूर्ण व्रत लिनुपर्दछ । तेस्रो दिन (षष्ठी)गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटान-पिसान गरी सोबाट विभिन्न गुलियो खाद्य सामग्री बनाइन्छ । सोही दिन अन्नबाहेक फलफूल, ठकुआ, भुसवा, खजुरी, पेरूकिया तथा मूला गाजर,बेसारको गाँठो, ज्यामिर, नरिवल, सुन्तला, केरा, नांलो, कोनिया, सरबा, ढाकन, माटोको हात्ती ठूलो ढक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलाशयसम्म पुग्ने गर्छन् ।

परिकारहरू जलाशयको किनारमा राख्नु अघि त्यस ठाउँ र पूजा सामग्रीलाई व्रतीले पाँचपटक साष्टाङ्ग दण्डवत गर्छन् । त्यस ठाउँलाई पवित्र पार्न परिवारका सदस्यले पहिले नै तान्त्रिक पद्धति अनुरूप अरिपन चित्र कोरेका हुन्छन् ।

त्यसपछि व्रतीले सन्ध्याकालीन अर्घका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म आराधना गर्छन् । यस क्रममा व्रतीले दुबै हत्केलामा पिठार र सिन्दूर लगाएर अक्षेता फूल हालेर अन्य अर्घ्यसामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्पण गरेर डिलमा आउने गर्छन् । पर्वको चौथो (अन्तिम) दिन पार्वण गरिन्छ । यस दिन बिहान उषाकालमा व्रत गर्नेहरू पुनः जलाशयमा पुगी अघिल्लो दिन गरेको क्रम दोहोर्‍याइ प्रातःकालीन सूर्यलाई अर्घ्यदिन्छन् । अर्घ्यसम्पन्न भएपछि सूर्य पुराण श्रवण गर्ने चलन छ । व्रतीले छठ व्रतको कथा सुन्ने र सुनाउने परम्परा रहेको छ । कार्तिक शुक्ल पक्षमा विधिपूर्वक सूर्यको पूजा आरधना गरी अर्घ्य दिएमा चर्म लाग्दैन भन्ने धार्मिक विश्वास छ । छठ पर्वका लागि काठमाडौंका गुह्येश्वरी, गहनापोखरी, कमलपोखरी लगायत बागमती, नख्खु र विष्णुमतीलगायत नदी किनारमा सजावट गरिएको छ ।

# अपांगता भएका व्यक्तिद्वारा अन्नपूर्ण आधार शिविरको पदयात्रा

**म्याग्दी/मस–** अपांगता भएका व्यक्तिहरुले म्याग्दीको अन्नपूर्ण आधार शिविरसम्म पदयात्रा गरेका छन् ।

अपांग सञ्जाल अन्नपूर्ण गाउँपालिकाको आयोजनामा छ प्रकारका अपांगता भएका नौ जनाले यही कात्तिक ५ गते नारच्याङको हुमखोलादेखि पदयात्रा सुरु गरेका हुन् ।

पदयात्रा आइतबार पूरा भएको सञ्जालका सचिव विशाल विकले जानकारी दिए ।

पदयात्रामा चोमु शेर्पा खुसी, ईश्वर बास्तोला, राजेश भण्डारी, सेरेवल पालसी संगिता शर्मा, विशाल विक, भीम गुरुङ, वासु थकाली रहेका छन् । उनीहरुको सहयोगीका रूपमा बन्दना राई सहभागी रहेका छन् ।

'अपांगतामैत्री नीति र भौतिक संरचना निर्माण तथा पर्यटन क्षेत्रमा समावेशीता आवश्यक रहेको सन्देश प्रवाह गर्ने उद्देश्यले गरिएको पदयात्रा सफल भएको छ', सञ्जालका सचिव विकले भने, 'आधार शिविरको यात्रा निकै रोमाञ्चक भयो । साथीहरु सहजै तरिकाले आधार शिविर पुग्नुभयो । कतिपय स्थानको पदमार्ग र बस्ने होटल अपांगमैत्री नभएको पाइयो । अपांगता भएका व्यक्तिहरु पनि आधार शिविर पुग्न सक्छन् भन्ने सन्देश प्रवाह गर्न सफल भएका छौं ।'

मौरिस हर्जोग पदमार्ग हुँदै २२ किलोमिटर दूरीको पदयात्रा गरेर आधार शिविर पुगेका उनीहरु सकुशल फर्किएका छन् । पदमार्ग, पूर्वाधार निर्माण, खाने बस्ने सुविधा र प्रवर्द्धनात्मक कार्यक्रमपछि आधार शिविरमा यस शरद्यामममा उल्लेख्य संख्यामा पर्यटक आएका छन् ।

## अन्तर्राष्ट्रिय...

गर्दनमा एलर्जी भई सुन्निएको थियो । यात्रु तामाङका अनुसार, उड्डुसले टोकेपछि उनलाई एलर्जी भएको र ५ घण्टाको सम्पूर्ण यात्रा असहज तथा तनावपूर्ण बनेको थियो । धेरैपटक अन्तर्राष्ट्रिय उडान गरिसकेका तामाङले भने, 'यो मेरो पहिलो खराब अनुभव हो । जहाजको सरसफाइ र यात्रु सेवाप्रति एयरलाइन्सको बेवास्ता भइरहेको महसुस भयो ।'

यात्रु तामाङले घटनाबारे एयरलाइन्सका क्याबिन क्रुलाई जानकारी गराउँदा, उनीहरूले फोटो र भिडियो खिचेर 'यो मुद्दा माथिल्लो तहमा पुर्‍याइनेछ' भनेर टारेका थिए । एयरलाइन्सको उच्च व्यवस्थापनबाट भने यस घटनाबारे अहिलेसम्म कुनै आधिकारिक प्रतिक्रिया वा क्षतिपूर्तिको आश्वासन सार्वजनिक भएको छैन ।

हिमालय एयरलाइन्सको जहाजमा उड्डुस भेटिएको पहिलोपटक भने होइन । यसअघि पनि काठमाडौं-दुबई उडानमा उड्डुस भेटिएको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको थियो ।

पटकपटक यस्ता घटना दोहोरिँदा नेपाली यात्रुहरूको पहिलो रोजाइमा पर्ने हिमालय एयरलाइन्सको विमानको आन्तरिक सरसफाइ, यात्रु स्वास्थ्य सुरक्षा र गुणस्तरीय आतिथ्य व्यवस्थापनप्रति रहेको प्रतिबद्धतामाथि प्रश्नचिह्न खडा भएको छ । उड्डयन सुरक्षा निकाय तथा एयरलाइन्स आफैंले तत्काल सम्पूर्ण जहाजको पूर्ण कीटनाशक उपचार गरी यात्रु सुरक्षा सुनिश्चित गर्नुपर्ने आवश्यकता देखिएको छ । यसबारे बुझ्न एयरलाइन्स व्यवस्थापनसँग प्रतिक्रिया लिन खोज्दा सम्पर्कमा आउन चाहेन ।

## मन्त्री...

सिफारिस भएका सुनारविरुद्ध जिल्लादेखि सर्वोच्च अदालतसम्म विभिन्न प्रकृतिका मुद्दा विचाराधीन छन् । त्यस्तै, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्रीमा सिफारिस श्रेष्ठको भूमिसम्बन्धी मुद्दा विचाराधीन रहेको विषय बाहिरिएपछि उनीहरूलाई फिर्ता गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ । यद्यपि मन्त्री बन्न रोकिएका श्रेष्ठले शनिबार रातिसम्म संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको जिम्मेवारी दिइने भनिए पनि अन्तिममा आफ्नो नाम भूमिसुधार मन्त्रीमा सारिएकाले अस्वीकार गरेको प्रतिक्रिया दिएका छन् । 'म पर्यटन क्षेत्रमा काम गर्दै आएको व्यक्ति हुँ । सम्पदा संरक्षणको क्षेत्रमा मैले विगतमा गरेका कामको अनुभवका आधारमा प्रधानमन्त्री र गृहमन्त्रीसँग कुरा भएअनुसार पर्यटन मन्त्रालयकै जिम्मेवारी दिने कुरा थियो' उनले वक्तव्यमार्फत भनेका छन्, 'तर बिहान प्रधानमन्त्रीले मठ, मन्दिर, गुठीको कुरा भूमिसुधारबाट पनि हेर्न सकिन्छ भन्ने तर्क गरेर रोक्ने प्रयास भएपछि मैले मन्त्रीका लागि मन्त्री बन्दिनँ भनेको हुँ ।'

एउटा मन्त्रालय कन्फर्म गरेर अर्कोमा फेरेको जानकारी पाएपछि मन्त्रीको शपथ लिन अस्वीकार गरेको उनको दाबी छ । तर उनीमाथि पनि भूमिसम्बन्धी विवादमा मुद्दा कायम रहेको विषय सार्वजनिक भएर निर्णय फिर्ता गरिएको प्रधानमन्त्री कार्यालय स्रोतको दाबी छ ।

मन्त्री नियुक्तिका लागि सिफारिस भएर रोकिएको यो पहिलो घटना भने होइन । यसअघि पनि प्रधानमन्त्री कार्कीले मन्त्रीका लागि सिफारिस गरेका विविध कारण रोकिएका थिए । मन्त्रीका लागि चर्चामा आएका र नियुक्तिको तयारी गरिएका व्यक्तिबारे सामाजिक सञ्जाल र आमसञ्चार माध्यममा चर्को टीकाटिप्पणी भएपछि सरकारले आफ्नो निर्णयबाट पछि फर्किने गरेको छ ।

गत असोज ६ गते स्वास्थ्य तथा जनसंख्यामन्त्रीमा सिफारिस भएकी निवर्तमान अतिरिक्त स्वास्थ्य सचिव संगीता मिश्रालाई मन्त्रीको शपथ लिने अन्तिम समयमा फिर्ता गरिएको थियो । मिश्रालाई स्वास्थ्य उपकरण खरिदमा भ्रष्टाचार गरेको आरोप थियो । अख्तियार दुरुपयोग आयोगले सो प्रकरणमा अनुसन्धान अन्तिम चरणमा पुर्‍याएको थियो । मिडियामा उक्त विषय सार्वजनिक भएपछि प्रधानमन्त्री कार्की हच्किइन् । लगत्तै आयोगले डा. मिश्राविरुद्ध मुद्दा चलाइसकेको छ ।

भदौ २३ र २४ गतेको 'जेनजी आन्दोलन'को पृष्ठभूमिमा प्रधानमन्त्री बनेकी कार्कीले सिफारिस गरेका चार जना मन्त्रीले पद तथा गोपनीयताको शपथ लिन नपाई उनीहरूमाथिको विवाद छताछुल्ल भएको छ । विवादित व्यक्तिलाई प्रधानमन्त्रीले मन्त्रीका लागि सिफारिस गरेर सार्वजनिक रूपमा विवादित बनाउने काम भएको टिप्पणीसमेत भइरहेको छ । मन्त्री बन्ने चर्चासँगै उनीहरूको वास्तविकता आमनागरिकले थाहा पाउनेगरी सार्वजनिक भएका छन् । प्रधानमन्त्रीले मन्त्रीका लागि विभिन्न विज्ञका नाममा विवादित व्यक्ति छनोट गर्ने र मिडिया ट्रायल गर्ने गरेको आरोपसमेत लाग्न थालेको छ ।

११ सदस्य मन्त्रिपरिषद् बनाउने घोषणा गरेकी प्रधानमन्त्री कार्कीले अहिलेसम्म नौ जना मन्त्री बनाएकी छन् । अर्थ र सामान्य प्रशासनमन्त्री रामेश्वर खनाल, ऊर्जा, भौतिक पूर्वाधार र सहरी विकासमन्त्री कुलमान घिसिङ, गृहमन्त्री ओमप्रकाश अर्याल, उद्योग, कानुन र भूमि व्यवस्थामन्त्रीमा अनिलकुमार सिन्हा, शिक्षामन्त्री महावीर पुन, सञ्चारमन्त्री जगदीश खरेल र कृषि तथा पशु विकासमन्त्रीको जिम्मेवारी मदन परियारले यसअघि नै सम्हाल्दै आएका छन् ।

मन्त्रीको सिफरिस भएर शपथ लिन नपाएका व्यक्ति र उनका निकटस्थहरूले प्रधानमन्त्री कार्कीमाथि यस्तो आरोप लगाउन थालेका हुन् । डेढ महिनासम्म मन्त्रीमण्डललाई पूर्णता दिन नसकेको कार्की सरकारले कर्मचारी सरुवा, बढुवा, राजदूत फिर्ताबाहेक आफ्नो मूल म्यान्डेटअनुसार काम गर्न नसकेको विश्लेषक बताउँछन् । विश्लेषक चिरञ्जीवी अर्यालले मध्यान्हसँग भने, 'यो सरकार विभिन्न समूहको दबाबमा छ । निर्वाचन गराउनभन्दा पनि सुशासन प्रवर्धनमा बढी जोड दिनुपर्ने दबाब एकातिर छ भने अर्कोतिर मन्त्री छनोट गर्दा प्रधानमन्त्रीले विवादित व्यक्ति छानेर अन्तमा फिर्ता लिँदा सरकार नै विवादित बन्दै गएको हो । यसले सरकार आफ्नो मुख्य काम निर्वाचन गराउनेभन्दा अन्यत्रै अल्मलिएको देखिन्छ ।' सरकारको मूल काम चुनाव गराउन भए पनि पूर्ववर्ती सरकारले नियुक्त गरेका व्यक्तिमाथि आँखा लगाएर समय बर्बाद गर्नु उपर्युक्त नभएको अर्यालको टिप्पणी छ ।

तर प्रधानमन्त्रीले मन्त्री छनोटको 'विज्ञ टोली' नै बनाएर जेनजी युवाहरूसँगको समेत समन्वय मन्त्री छनोट गरेको उनको सचिवालयले जनाएको छ । 'विज्ञ टोली'ले सामाजिक सञ्जालका सुझावदेखि जेनजी आन्दोलनको भावना र योगदानसमेतको मूल्यांकन गर्दै मन्त्रीहरू छनोट गरेको सचिवालयको दाबी छ । मन्त्रिपरिषद्मा थपिने सम्भावितमा क्याप्टेन विजय लामाको समेत नाम चर्चामा छ । यसअघि रामजी राम र टासी ल्हाजोम शेर्पा, मिराज ढुंगाना, अभिषेक यादवसमेतको नाम मन्त्रीका लागि सरकारकै तर्फबाट चर्चामा ल्याइएको थियो । त्यसबेला रामजीलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र टासीलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको जिम्मेवारी दिने तयारी गरिएको विषय सार्वजनिक भएपछि टासी दलाई लामाको एजेन्टदेखि उनको नागरिकतामाथि नै प्रश्न उठाइयो । योसँगै उनलाई मन्त्री हुनबाट रोकिएको थियो । राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य मोहना अन्सारीलाई पनि मन्त्री बनाउने चर्चासँगै बारबारा फाउन्डेसनसँग जोडेर विवादमा तानियो ।

## सुनारको...

अदालतमा रहेका छन् । अधिवक्ता मनीषा गौतमका अनुसार सुनारविरुद्ध रुकुमका नवराज विक हत्या प्रकरणमा अदालतको फैसलाको विषय लिएर न्यायाधीशविरुद्ध गालीगलौज गरेको भन्दै अदालतको अवहेलनामा सर्वोच्चमा दायर भएको मुद्दामा कारण देखाऊ आदेश जारी भएको पाइएको छ । सुनारले सर्वोच्चकी न्यायाधीश सपना मल्ल प्रधानलाई पनि गालीगलौज गरेर सामाजिक सञ्जालमा लेखेका थिए । मुद्दा दर्ता गर्ने अधिवक्ता गौतममाथि पनि उनले गालीगलौज गरेका थिए ।

## पहिलो ....

हुने आँकलन छ । गुप्ता गत भदौ २३ र २४ को जेनजी आन्दोलनको अग्रपंक्तिमा रहनेमध्येका थिए ।

माइतीघर मण्डलादेखि बानेश्वरसम्म भ्रष्टाचारविरोधी नारासहित भएको मार्च पासमा उनी जापानी एनिमीको तस्बिरसहित अग्रपंक्तिमा नारा लगाइरहेका देखिन्थे । २३ गते प्रहरीले संसद् भवन अगाडि गोली चलाइरहँदासमेत उनी फिल्डमै रहेका थिए भने दोस्रो दिनको आन्दोलनमा समेत अग्रभागमा खटिएको तस्बिर सार्वजनिक थिए । परोपकारी समूह १०० ग्रुपसँग आबद्ध उनले घाइतेलाई अस्पतालसम्म लैजाने काममा समेत सहजीकरण गर्दै आएका जेनजी आन्दोलनकारी हुन् । उनी २६ वर्षका युवा हुन् । तत्कालीन प्रधानमन्त्री केपी ओलीले राजीनामा दिइसकेको परिस्थितिमा अरू जेनजी जंगीअड्डा र राष्ट्रपति कार्यालयमा नागरिक सरकार गठनको बहसमा चलाइरहँदा उनी अस्पतालहरूमै घाइतेहरूलाई सहयोग गरेर बसेका थिए । तीनै बब्लु आइतबारबाट जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकारमा युवा तथा खेलकुद मन्त्री बनेका हुन् ।

## चुनावतर्फ...

नभाग्ने बताउँछन् । यही कात्तिक ४ गते वीरेन्द्रनगरमा आयोजित सभालाई सम्बोधन गर्दै खड्काले सरकारलाई चुनावको वातावरण बनाउन आग्रह गरे । उनले भनेका छन्, 'कांग्रेस चुनावबाट भाग्दैन, चुनावको वातावरण सरकारले बनाउनुपर्छ । हामी चुनावका लागि तयार छौं ।'

नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायतका दल भने चुनाव केन्द्रित गतिविधिमा लागिसके । रास्वपाले त निर्वाचन केन्द्रित गतिविधिलाई तीव्रता दिने निर्णय नै गरेको छ ।

रास्वपा सचिवालय बैठक आइतबार पार्टी कार्यालयमा बसेको थियो । सो बैठकले पार्टीको सम्पूर्ण ध्यान निर्वाचनमा केन्द्रित गर्ने र यससम्बन्धी गतिविधिलाई तीव्रता दिने निर्णय गरेको हो ।

रास्वपा नेता गणेश पराजुलीका अनुसार निर्वाचनलाई सफल बनाउन अन्य राजनीतिक दलले पनि पहलकदमी लिनुपर्ने निष्कर्ष निकालिएको छ ।

निर्वाचन आयोगले स्वीकृत गरेको निर्वाचन कार्यतालिकाअनुसार मंसिर १ गतेदेखि १० गतेसम्म निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ताको कार्यक्रम छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि माघ २ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना हुनेछ । फागुन ३ देखि १८ गतेसम्म निर्वाचन प्रचारप्रसार हुने र तत्पश्चात् प्रचारप्रसार निषेधको अवधि रहनेछ ।

फागुन २१ गते बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म मतदान हुने र दुवै निर्वाचन प्रणालीतर्फको मतपेटिका संकलन भएपछि मतगणना प्रारम्भ गरिने कार्यक्रम छ । समानुपातिक निर्वाचन प्रणालीका लागि मंसिर १५ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने र पुस १८ र १९ गते बन्दसूची पेस गर्ने कार्यक्रम छ ।

कार्यतालिकामा निर्वाचन प्रयोजनका लागि दल दर्ताको समय मंसिर १ गतेदेखि १० गतेसम्म रहेको र आयोगमा दर्ता कायम रहेका राजनीतिक दलले मात्र निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न पाउने कानुनी व्यवस्था छ । निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलले यहि कात्तिक ३० गते दल दर्ताको प्रमाणपत्र लिइसक्नुपर्नेछ । एकातिर कार्यतालिकाअनुसार गतिविधि अगाडि बढिरहेको र अर्कोतिर सरकार चुनाव गराउनेतिर अग्रसर भएको भनेर राजनीतिक दलहरू पनि त्यसअनुसार चुनाव केन्द्रित गतिविधिमा केन्द्रित हुन थालेका हुन् । तथापि चुनाव हुँदैन कि भन्ने संशय भने दलहरूमा छ ।

## विदेशमा...

अत्यधिक तातो र गर्मीमा काम गर्दा अकालमा हुने मृत्यु बढेको छ । यस विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग थप छलफल गरेर काम गर्ने इच्छा छ ।'

स्वास्थ्यमन्त्री शर्माले अभिमुखीकरण तालिम, स्वास्थ्य परीक्षण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वास्थ सूचना डेस्क स्थापनासहित टेलिमेडिसिनको विषयमा काम गर्ने सोच रहेको समेत बताइन् । उनले विदेशस्थित नेपाली दूतावास र नियोगहरूले पनि नेपाली कामदारको स्वास्थ्य सुरक्षाका लागि स्थानीय अस्पतालहरूसँगको सहकार्य बलियो बनाउनुपर्ने पनि बताइन् ।

वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारको मृत्युको संख्या बढेपछि करिब ५ वर्षअघि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नीति, योजना तथा अनुगमन महाशाखाका प्रमुख डा. विकास देवकोटाको संयोजकत्वमा रहेको 'आप्रवासन स्वास्थ्य नीति'का लागि प्राविधिक समिति गठन गरिएको थियो । उक्त समितिले नेपाली कामदारको स्वास्थ्य अवस्थामा सुधार ल्याउनका लागि नेपालीहरू वैदेशिक रोजगारीमा जाने देशका दूतावासमा चिकित्सक राख्नुपर्ने सुझाव दिएको थियो ।

समितिले स्वास्थ्य सहचारीका रूपमा डाक्टर वा नर्स राख्न सुझाव दिएको थियो । त्यसभन्दा अघि पनि स्वास्थ्य मन्त्रालयको अर्को एउटा अध्ययन समितिले पनि नेपाली कामदारहरू काम गर्न जाने गरेका मुलुकहरूमा कामदार संख्याको आधारमा स्वास्थ्य सहचारी नियुक्त गर्नुपर्ने सुझाव दिएको थियो । तर स्वास्थ्य सहचारी नियुक्त चर्चामा मात्रै सीमित रह्यो ।

नवनियुक्त स्वास्थ्यमन्त्री शर्माले विगतमा स्वास्थ्य सचिव भएर काम गरेको र उनी प्रसूति तथा स्त्री रोग विशेषज्ञका साथै जनस्वास्थ्यविद् पनि भएकाले चर्चा भन्दा काम हुने धेरैले आशा गरेका छन् ।

## वैदेशिक...

अंगभंग वा बिरामी भई कल्याणकारी कोषबाट सचिवालयमार्फत शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततिलाई वैदेशिक रोजगार सन्तति छात्रवृत्तिका लागि आह्वान गरिएको जनाइएको छ ।

आफू अध्ययनरत रहेकै शैक्षिक संस्थामा वैदेशिक रोजगार सन्तति छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसूची (१) बमोजिमको ढाँचामा यही कात्तिक मसान्तभित्र निवेदन पेस गर्न सम्बन्धित व्यक्तिलाई अनुरोध गरिएको छ ।

# सहसचिव र प्रजिअ गरी ३६ कर्मचारीको सरुवा

**काठमाडौं/मस-** गृह मन्त्रालयले विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सहसचिवहरुको सरुवा गरेको छ। मन्त्रालको आइतबारको निर्णयानुसार सहसचिव र प्रजिअ गरी ३६ कर्मचारीको सरुवा तथा पदस्थापन गरिएको हो । मन्त्रालयले जारी गरेको सूचनामा कुल ३१ प्रमुख जिल्ला अधिकारी, एक प्रमुख अध्यागमन अधिकृत, दुई सहसचिव र दुई महानिर्देशकको सरुवा तथा पदस्थापन गरिएको जनाएको छ ।




गौतबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख अध्यागमन अधिकृत खिमबादुर रायमाझीलाई जुम्लाको प्रमुख जिल्ला अधिकारी बनाइएको छ। जुम्लाका प्रजिअ केदारनाथ शर्मालाई गौतबुद्ध अन्तरराष्ट्रिय विमानस्थलको प्रमुख अध्यागमन अधिकृत बनाइएको छ। गृह मन्त्रालयका सहसचिव वासुदेव घिमिरेलाई झापाको प्रजिअमा सरुवा गरिएको छ भने झापाका प्रजिअ गोपालकुमार अधिकारीलाई काभ्रेपलाञ्चोकको प्रजिअमा सरुवा गरिएको छ।

यस्तै गृहका सहसचिव गोगनबहादुर हमाललाई बर्दियाको प्रजिअमा पदस्थापन गरिएको छ भने बर्दियाका प्रजिअ सुरेन्द्र पौडेललाई सिरहामा सरुवा गएिको छ । यस्तै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कट्टेललाई मोरङको प्रजिअमा सरुवा गरिएको छ भने मोरङका प्रजिअ इन्द्रदेव यादवलाई महोत्तरी पठाइएको छ ।

गृहको कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका महानिर्देशक प्रेमप्रसाद भट्टराईलाई ललितपुरको प्रजिअमा पठाइएको छ भने ललितपुरका प्रजिअ सुमन घिमिरेलाई सोही विभागमा ल्याइएको छ। रुपन्देही, कैलाली, नवलपरासी, महोत्तरी, दोलखा, पर्सा, उदयपुर, डडेलधुरा, लमजुङ, बाँके, बर्दिया, जुम्ला, अर्घाखाँची, रौतहट, कपिलवस्तु, सिन्धुली, अछाम, गुल्मी, सुनसरी, ललितपुर, भक्तपुर, मोरङ, झापा, काभ्रे, बारा, धनकुटा, धनुषा, मकवानपुर, गोरखा, सर्लाही र सिरहाका प्रजिअको सुरुवा गरिएको मन्त्रालयको सूचनामा उल्लेख छ ।

# राजदूत फिर्ता बोलाउने निर्णयविरुद्ध सर्वोच्चमा रिट : शुक्रबार सुनुवाइ हुने

**काठमाडौं/मस-** राजदूतहरू फिर्ता बोलाउने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा परेको रिट निवेदनमा यही कात्तिक १४ गते सुनुवाइ हुने भएको छ।

न्यायाधीश विनोद शर्माको एकल इजलासले आइतबार लिखित जवाफ माग गर्दै यही कात्तिक १४ गते अन्तरिम आदेश दिने वा नदिने विषयमा दुवै पक्षसँग छलफलका लागि पेसी तोकेको हो । अधिवक्ता प्रतिभा उप्रेतीले यही कात्तिक २ गते प्रतिनिधिसभा विघटन भएको अवस्थामा संसदीय सुनुवाइ हुन सक्ने कुनै गुञ्जायस नै नभएको अवस्थामा राजदूत नियुक्ति संविधानतः हुन सक्ने अवस्था नै नभएकाले राजदूत फिर्ता बोलाउने सरकारको निर्णय गैरकानुनी भएको उल्लेख गर्दै उक्त निर्णय बदरको माग गर्दै रिट निवेदन दायर गरेकी थिइन् ।



अदालतको आदेशमा भनिएको छ,'यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटोको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ लिई आउनुहोला ।' सरकारले गत असोज ३० गते कात्तिक २० गतेभित्र ११ जना राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको थियो । फिर्ता बोलाइएका राजदूतमा चीनका प्राडा कृष्णप्रसाद ओली, जर्मनीका डा.शैल रुपाखेती, इजरायलका प्रा धनप्रसाद पण्डित, मलेसियाका डा.नेत्रप्रसाद तिमल्सिना, कतारका रमेशचन्द्र पौडेल, रुसका जंगबहादुर चौहान, साउदी अरबका नरेश विक्रम ढकाल, स्पेनका सनिल नेपाल, संयुक्त अधिराज्य बेलायतका चन्द्रकुमार घिमिरे, संयुक्त राज्य अमेरिकाका लोकदर्शन रेग्मी र जापानका डा.दुर्गाबहादुर सुबेदी रहेका छन् ।

**जाँचबुझ आयोगविरुद्ध सर्वोच्चमा रिट**

सर्वोच्च अदालतमा गत भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्की र सदस्यहरू विज्ञानराज शर्मा र विश्वेश्वरप्रसाद भण्डारीविरुद्ध रिट निवेदन पेस भएको छ।

आयोगका अध्यक्ष कार्कीसहितलाई विपक्षी बनाएर अधिवक्ता विपिन ढकालले आइतबार दायर गरेको रिट निवेदनमा आयोगका पदाधिकारीहरू निष्पक्ष छानबिन र विषयवस्तुबारे तटस्थ नभएको उल्लेख गरिएको छ । सर्वोच्चका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार आयोगविरुद्ध रिट निवेदन पेस भएको र अध्ययनका क्रममा रहेको जानकारी दिए । सरकारले 'जेनजी' प्रदर्शनपछि भएको जनधनको क्षतिबारे जाँचबुझ गर्न विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा जाँचबुझ आयोग गठन गरेको थियो ।

# क्याब्रिअन पट्रोलमा स्वर्णपदक विजेता सैनिक टोली सुशोभित




**काठमाडौं/मस-** प्रधानसेनापति अशोक राज सिग्देलले बेलायतमा सञ्चालन भएको 'एक्सरसाइज क्याब्रिअन पट्रोल २०२५' मा स्वर्ण पदक विजेता नेपाली सेनाको टोलीलाई आइतबार प्रशंसा पदक प्रदान गरेका छन् ।

सैनिक मुख्यालय जङ्गीअड्डामा आयोजित कार्यक्रममा उक्त अभ्यासमा सहभागीलाई 'प्रधानसेनापति प्रशंसा निशान' पदकबाट सुशोभित गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

अन्तर्राष्ट्रिय स्तरको सैनिक प्रतियोगितामा उत्कृष्ट नतिजा ल्याई नेपाल र नेपाली सेनाको छवि एवं गौरव बढाउन पुऱ्याएको योगदानको उच्च मूल्यांकन स्वरूप सहभागी नौ जना प्रतियोगी र एक जना व्यवस्थापकलाई प्रशंसा निशानद्वारा सम्मान गरिएको हो । गत असोज १७ गतेबाट २६ गतेसम्म बेलायतको वेल्स, ब्रेकनमा सञ्चालन भएको उक्त अभ्यासमा ३३ राष्ट्रका १ सय १७ वटा टोलीको सहभागिता थियो ।

# काठमाडौं उपत्यकामा ट्राफिक सचेतना कक्षा पुनः सञ्चालन हुने



**काठमाडौं/मस-**गत भदौ २३ र २४ गतेको 'जेनजी' युवाको प्रदर्शनका क्रममा ट्राफिक कार्यालयको भवनमा आगजनी हुँदा बन्द भएको ट्राफिक सचेतना कक्षा पुनःसञ्चालन हुने भएको छ ।

यही कात्तिक ११ गतेदेखि पुनःट्राफिक सचेतना कक्षा सञ्चालन गर्नेगरी सम्पूर्ण तयारी पूरा भएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए ।

उनले भने, 'जेनजी प्रदर्शनमा हाम्रो ट्राफिक सचेतना कक्षा, भवन, उपकरणलगायत सामग्री जलेर नष्ट भएका थिए । अहिले भवनसहित आवश्यक उपकरणहरू तयार गरेका छौं। अब पुनःट्राफिक सचेतना कक्षा सुरु गर्दैछौं ।'

काठमाडौं उपत्यकामा मादक पदार्थ सेवन (मापसे) गरी सवारी चलाउने, तीव्र गतिमा सवारी गुडाउने, रातो बत्ती तथा सडक लेन उल्लङ्घन गरी कारबाहीमा परेका चालकहरूलाई लक्षित गरी ट्राफिक प्रहरीले भौतिक रूपमा उपस्थित गराई उक्त सचेतना कक्षा सञ्चालन गर्दै आएको थियो । सार्वजनिक बिदाका दिनबाहेक अन्य दिनमा उक्त कक्षा सञ्चालन गरिने प्रवक्ता सुवेदीले बताए ।

# महाराजगन्ज वृत्तका प्रहरीको हत्या आरोपमा थप पाँच जना पक्राउ


**काठमाडौं/मस-** प्रहरी वृत्त महाराजगञ्जमा कार्यरत प्रहरीको हत्या गरेको आरोपमा प्रहरीले थप पाँच जनालाई पक्राउ गरेको छ।

प्रहरी वृत्त महाराजगञ्जमा कार्यरत असई मिलन राय र जवान उत्तम थापाको हत्या गरेको आरोपमा थप पाँच जनालाई पक्राउ गरिएको हो । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता तथा एसपी पवनकुमार भट्टराईका अनुसार पक्राउ पर्नेहरूमा गोरखाका २१ वर्षीय सोमबहादुर गुरुङ, तनहुँका २१ वर्षीय राजीव गुरुङ, युनिक श्रेष्ठ, सर्लाहीका १७ वर्षीय सुमित तितुङ र रामेछापका १६ वर्षीय दीपक मगर रहेका छन्। उनीहरूलाई भद्रकालीस्थित प्रहरी परिसरमा राखी थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

यसअघि सो घटनामा संलग्न रहेको आरोपमा पक्राउ परेका चार जना आरोपीहरूलाई काठमाडौं जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागार चलान गरिएको थियो । तीमध्ये काभ्रेको रोशी गाउँपालिका-९ का २८ वर्षीय युवराज क्याप्छाकी र मकवानपुरको थाहा नगरपालिका-७ का २१ वर्षीय सोनाम तामाङ (बुद्धिलाल थिङ) ले जवान थापाको हत्या गरेको अनुसन्धानमा खुलेको प्रहरीले जनाएको छ ।

त्यसैगरी, सिन्धुपाल्चोक त्रिपुरासुन्दरी गाउँपालिका-४ का ६२ वर्षीय होमप्रसाद पौडेल र उदयपुर चौदण्डीगढी नगरपालिका-१० का २८ वर्षीय टिकाराम विकले असई रायको हत्या गरेको प्रमाण फेला परेको अनुसन्धान टोलीको दाबी छ । ती चारै जना कर्तव्य ज्यान र आपराधिक उपद्रवको अभियोगमा पुर्पक्षका लागि कारागार पठाइएका छन् ।

# जलवायुका कारण सगरमाथा हिमक्षेत्र उच्च जोखिममा



**भीष्मराज ओझा/रासस**
काठमाडौं, ९ कात्तिक

पछिल्लो अध्ययनले जलवायु परिवर्तनको बढ्दो प्रभावका कारण हिन्दुकुश हिमालय क्षेत्रमा हिमताल विष्फोटन, हिमपहिरो तथा छिटो हिउँ पग्लने जोखिम बढेको देखाएको छ ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)ले गरेको 'थामे उपत्यका हिमताल विष्फोटन बाढीको कारण, प्रभाव, र भविष्यका जोखिम' नामक अध्ययनमा उक्त क्षेत्रमा प्रत्येक दश वर्षमा औसत ०.२८ डिग्री सेल्सियसले तापक्रम बढिरहेको उल्लेख छ । उक्त अध्ययन ईसिमोडका जोखिम विशेषज्ञहरू सुदनविकास महर्जन, तेन्जिङ छोग्याल शेर्पा र अरुणभक्त श्रेष्ठले गरेका हुन् ।

अध्ययनले जलवायु परिवर्तनका कारण सगरमाथा क्षेत्रले अभूतपूर्व हिमनदीको पग्लिने दर बढ्नेजस्ता समस्या भोगिरहेको देखाएको छ। यो दर पछिल्ला दशकमा पहिलेको तुलनामा ६५ प्रतिशतले बढेको देखिन्छ । हिमनदी पग्लने दर बढ्दा अमू दरिया, सिन्धु, गंगा, ब्रह्मपुत्र र इरावदी बेसिनका २५ हजारभन्दा बढी हिमताल वृद्धि भइरहेको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

सोलुखुम्बुको थामे क्षेत्रमा गत वर्ष भएको हिमताल विष्फोटनको बाढी सम्बन्धमा गरिएको उक्त अध्ययनले सो पुष्टि गरेको हो । भूगर्भीय र भूआकृतिक कारकहरूको विनाशकारी, जटिल र श्रृंखलाबद्ध असरले सो क्षेत्रमा हिमताल विष्फोटन बाढीको शक्तिलाई बढाइदिएको अध्ययनमा उल्लेख छ ।

इसिमोडको अध्ययनका एक लेखक 'रिमोट सेन्सिङ विश्लेषक' सुदन विकास महर्जनले हिन्दुकुश हिमालयमा २५ हजारभन्दा बढी हिमताल रहेका र थामे घटनाले तुलनात्मक रूपमा साना तालबाट पनि हुने जोखिम बुझ्न र रोक्नका लागि धेरै प्रयास गर्न आवश्यक छ भन्ने देखाएको उल्लेख गरे । अध्ययनमा जलवायु परिवर्तनका कारण थामेमा बिनाशकारी क्षति पुगेको उल्लेख छ ।

अध्ययनले चार हजार नौ सय मिटर उचाइमा रहेको हिमतालमा ठूलो चट्टान खस्दा बाँध भत्किएर एक लाख ५६ हजार घन मिटर पानी बाहिरिएको देखाएको छ। उक्त पानी १२० मिटर तल रहेको अर्को तालमा खस्दा तालमा २२ मिटर अग्लो र ५१ मिटर चौडा प्वाल परेको थियो। त्यसले थप तीन लाख तीन हजार घनमिटर पानी बाहिरिएको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

दुवै तालमा भएको पानी एक साथ बग्दा पानीको बहाव अत्यन्तै तीव्रभएको र त्यसले ठूला ढुंगासहितका भग्नावशेषलाई ८० किलोमिटर तलसम्म बगाएर लगेको थियो। त्यसपछि उत्पन्न बाढीले आफ्नो बाटोमा पर्ने नदी किनारमा क्षति गरेको थियो ।

नदीको प्राकृतिक रूपमा साँघुरिएको भाग र अस्थायी रूपमा जम्मा भएको बाढीको पानी बगेर जाँदा बाढीले ठूलो रुप लिएको थियो। यसले गर्दा ठूलो क्षति भएको, थामे गाउँ नजिकको करिब आधा किलोमिटर चौडा उपत्यका भग्नावशेषहरुले भरिएको थियो ।

बाढीले निजी घर, एउटा विद्यालय, स्वास्थ्य चौकी, पुल र एउटा जलविद्युत् आयोजनालाई क्षति पुर्याएको थियो । उक्त घटना दिउँसो भएकाले र पानी जम्मा भएको कारण बाढी चरणबद्ध रूपमा आएकाले मानवीय क्षति हुन नपाएको प्रतिवेदनमा उल्लेख छ । उक्त विपद्ले १ सय ३५ व्यक्ति विस्थापित र २५ घर नष्ट भएका थिए ।

नेपालमा १९२० को दशकदेखि यता ९० भन्दा बढी हिमताल विष्फोटन भइसकेका छन्। जसमध्ये सगरमाथा क्षेत्रमा मात्रै ५० वर्षभन्दा कम अवधिमा पाँचवटा यस्ता ठूला घटना भइसकेका छन्। हिमताल विष्फोटन बाढी उच्च हिमाली क्षेत्रमा सबैभन्दा विनाशकारी र प्रमुख खतरामध्ये पर्दछन् । केही घण्टाभित्रै लाखौं घन मिटर पानी र भग्नावशेष छोड्न सक्ने क्षमता भएका यस्ता घट्नाले तल्लो तटीय क्षेत्रमा विनाशकारी क्षति पुऱ्याउँछन् ।

अध्ययनका सहलेखक इमिमोडका हिम विश्लेषक तेन्जिङ छोग्याल शेर्पाले जलवायुका अति गम्भीर घटना बढ्दै जाँदा, थामे जस्ता बाढीका घट्ना एउटा कठोर सम्झना र आत्म-चिन्तनको क्षण भएको बताए । उनले भने, 'यसले पहाडी समुदायहरूले कसरी जलवायु-प्रेरित विपत्तिहरूको चपेटा सहिरहेका छन् भन्ने देखाउँछ । यस्ता अध्ययनले जलवायु परिवर्तनका वास्तविकताहरू बुझ्न सहयोग गर्छ ।' इसिमोडका वरिष्ठ सल्लाहकार तथा अध्ययनका सहलेखक अरुणभक्त श्रेष्ठले थामे घटनाले हिन्दुकुश हिमालय क्षेत्रमा विश्वको तुलनामा झन्डै तीन गुणाले तापक्रम वृद्धि भइरहेकाले यस क्षेत्रका हिमनदीमा खतरा बढ्दै गएको बताए ।

'पछिल्ला दुई वर्षमा मात्रै, हामीले यस क्षेत्रमा हिमताल विष्फोटन बाढीसहित धेरै उच्च हिमाली खतराहरू देखेका छौं, त्यसैले अब यस क्षेत्रमा वास्तविक सूचना तत्काल सुदृढ गर्न थप बाढी र मौसम पूर्वानुमान स्टेसन स्थापना र भविष्यमा हुनसक्ने घट्नाबाट हुने क्षति घटाउन इन्जिनियरिङ संरचना, जस्तै नदीकिनार सुरक्षणसम्बन्धी काम गर्न आवश्यक छ' उनले भने ।

थामे घटनाले हिमवत क्षेत्र र विपद्सम्बन्धित घटना बुझ्न र भविष्यमा कार्यान्वयन योग्य नीति निर्माणका लागि पाठ सिकाएको छ । हालसालै, यस क्षेत्रमा 'बिल्डिङ एडप्टेसन एण्ड रेजिलेन्स इन द हिन्दु कुश हिमालयज' परियोजनाले विपद्को लागत र जोखिम घटाउनेमा ध्यान केन्द्रित गरेको छ ।

# संयमित रहन प्रदर्शनरत सबै पक्षलाई आयोगको आग्रह

**काठमाडौं/मस-** राष्ट्रिय मानव अधिकार आयोगले आफ्ना मागहरू सम्बोधन हुनुपर्ने मागसहित शान्तिपूर्ण रूपमा प्रदर्शन गरिरहेका सबै पक्षलाई संयमित रहन आग्रह गरेको छ ।




आयोगका प्रवक्ता डा.टीकाराम पोखरेलले आइतबार जारी गरेको प्रेस विज्ञप्तिमा नागरिकले राखेका मागहरू समयमा उचित सम्बोधन गर्न, समस्याको समाधान निकाल्न, सबैको भूमिका सुनिश्चित गर्न, नागरिकको शान्तिपूर्ण प्रदर्शन गर्ने अधिकारसहित मानव अधिकारको सम्मान र संरक्षण गर्न आयोगले सरकारलाई आह्वान गरिएको छ।

'समस्याको समाधान वार्ता र संवादबाट मात्र सम्भव हुन्छ भन्नेमा आयोग दृढ छ', विज्ञप्तिमा भनिएको छ,'हरेक समस्याको समाधान विधिको शासन, संविधान, कानुन र मानवअधिकारको मूल्यमान्यताका आधारमा शान्तिपूर्ण रूपमा खोजिनुपर्दछ ।'

आयोगले विगतका केही अभ्यास हेर्दा शान्तिपूर्ण भनिएका प्रदर्शन पनि ध्वंसात्मक र हिंसात्मक हुन पुगेका तथ्यलाई ध्यानमा राखी आगामी दिनमा त्यस्ता हिंसात्मक गतिविधि हुन नदिन प्रदर्शनरत पक्ष सचेत हुनुपर्नेमा जोड दिएको छ ।

'प्रदर्शनलाई शान्तिपूर्ण बनाउन सबै पक्ष जिम्मेवार हुनु आवश्यक छ, आगामी दिनमा हुने प्रदर्शनहरूमा घुसपैठ हुन नदिने दायित्व सरकार र प्रदर्शनकारी दुवैको हो', विज्ञप्तिमा भनिएको छ,'प्रदर्शनलाई शान्तिपूर्ण बनाउन सुरक्षा निकायको संयमता, धैर्यता र विवेकपूर्ण व्यवहार अपेक्षित छ।'

त्यसैगरी, प्रदर्शनरत पक्षले पनि आफ्ना क्रियाकलापलाई शान्तिपूर्ण बनाउने, घृणायुक्त अभिव्यक्ति नदिने, उत्तेजनापूर्ण व्यवहारलाई नियन्त्रण गर्नुपर्नेलगायत कर्तव्य निर्वाह गर्नुपर्ने आयोग विज्ञप्तिमार्फत जनाएको छ । नागरिकका यस प्रकारका अधिकारहरूको सम्मान गर्ने र सो अधिकार उपभोगको सहज वातावरण सिर्जना गर्ने दायित्व राज्यको भएकाले गत भदौ २३ र २४ को प्रदर्शनपश्चात् जेनजी पुस्ताले उठाएका जायज मागको समयमा सम्बोधन हुनु आवश्यक रहेको आयोगको भनाइ छ ।

# दार्चुलामा पहिलोपटक स्त्रीरोग विशेषज्ञद्वारा सेवा सुरु

**दार्चुला/मस-** दार्चुलामा पहिलो पटक स्त्रीरोग विशेषज्ञ डाक्टरहरुबाट सेवा दिन थालिएको छ । जिल्ला अस्पताल स्थापना भएयता पहिलो पटक स्त्रीरोग विशेषज्ञका रूपमा डा.स्मृति शाहीले सेवा थालेकी हुन् ।

गत असोज ९ गते डाक्टर शाही जिल्ला अस्पतालमा हाजिर भएकी हुन्। २०४२ मा स्थापना भएको जिल्ला अस्पतालमा पहिलो पटक स्त्रीरोग विशेषज्ञ चिकित्सक आएको जिल्ला अस्पतालका सूचना अधिकारी डम्बरदत्त भट्टले जानकारी दिए।

अहिलेसम्म स्त्रीरोग विशेषज्ञ नहुँदा महिला, विशेष गरी गर्भवतीलाई उपचारमा कठिनाइ भइरहेको थियो। स्वास्थ्य सेवाका हिसाबले दुर्गम मानिएको दार्चुलामा स्त्रीरोग विशेषज्ञ आउनु आफैँमा गर्वको विषय भएको भट्टको भनाइ छ ।

उनका अनुसार स्त्रीरोग विशेषज्ञ नहुँदा महिलाहरूले आफ्ना रोग लुकाएर बस्नुपर्ने अवस्था थियो ।

जिल्ला अस्पतालका प्रमुख डा.रवीन्द्र भट्टराईका अनुसार स्त्रीरोग विशेषज्ञ ल्याउन निकै प्रयास गर्नुपरेको थियो । आफूले जुन क्षेत्रमा गएर काम गरे पनि जनताको सेवा दिने गरी गरिरहेको उहाँको भनाइ छ ।

अबदेखि महिलासम्बन्धी सम्पूर्ण रोगको उपचार तथा आवश्यक शल्यक्रिया जिल्लामै गर्न सकिने अस्पतालले जनाएको छ । पहाडी क्षेत्रका महिलामा देखिने पाठेघर खस्ने, मुखको क्यान्सर, मासु पलाउने लगायतका रोगको शल्यक्रिया जिल्ला अस्पतालमै गर्ने गरी तयारी भएको छ । स्त्रीरोग सेवा सञ्चालनका लागि अस्पतालले छुट्टै ओपिडी कक्ष र शल्यक्रिया कक्ष व्यवस्था गरेको छ । विगतमा बाहिरै जानुपर्ने अवस्था अब अन्त्य भएको डा.भट्टराईले बताए । अस्पतालमा अहिले तीन विशेषज्ञसहित दश चिकित्सकले सेवा दिँदै आएका छन् ।

कुनै समय दुर्गम जिल्लाका अस्पतालमा चिकित्सक पाउनै मुस्किल थियो, तर समय बदलिँदै जाँदा अहिले दुर्गम क्षेत्रमै चिकित्सक सेवा दिन आउने क्रम बढेको छ । अस्पतालमा शल्य-चिकित्सा (अर्थोपेडिक) विशेषज्ञ, दन्त चिकित्सकसहित पाँच पाँच मेडिकल अधिकृत पनि कार्यरत छन् ।

**Vacancy for Advance Caregiver Trainer**

Advance Care Giver Trainer - 1 (Male/Female)

Salary Negotiable

**QUALIFICATION**
- Bachelor degree passed on any filed of Education.
- Should be experience as a advance care giver training.
- Should be know N2 Level Japanese language skill.
- Should be have experience in Caregiver trainer at least 3 years.
- Jitsumusya kensyu (Advance care giver) E-learning teaching experience person.

To apply Please submit your CV at : info@hachikojlc.com
Contact us at 011-665592/ +977-9823011567

**Hachiko Language & Training Centre**
Address banepa-7 kavrepalanchok

मध्यान्ह
www.madhyanhadaily.com

१० कात्तिक २०८२ सोमबार
27 October 2025 Monday

सम्पादकीय

## सरकारले रुग्ण ठेक्का तोडेर दिएको सन्देश

सरकारले वर्षौंदेखि अलपत्र पारिएका सिँचाइ र सडक निर्माणका रूग्ण ठेक्का तोड्न थालेको छ । ठेक्का सम्झौता गरी काम नगरेर अलपत्र पारिएका सिँचाइतर्फका १२ रूग्ण ठेक्का तोडिइसकेको छ भने सडकतर्फका ४० ठेक्का तोड्ने तयारी गरिएको छ। सडक विभागअन्तर्गत सडक डिभिजन कार्यालय तुम्लिङ्टारले १७, इलामले १२, हेटौंडाले ७ र नेपालगन्जले ४ ठेक्का गरी ४० ठेक्का तोड्न लागेका हुन् । ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले ठेक्का लिने तर काम नगरेर वर्षौंदेखि आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रूग्ण ठेक्का तोड्न मातहतका निकायलाई निर्देशन दिएका थिए। सोहीअनुसार केही ठेक्का तोडिएको छ भने केही प्रक्रियामा छन्। ठेक्का लागेका वर्षौंसम्म काम पूरा नहुँदा आमनागरिकमा निराशा र आक्रोश बढाइरहेका आयोजनाका ठेक्का सम्झौता तोडेर सरकारले एकातर्फ थोरै आशा जगाएको छ भने अर्कोतर्फ लो-बिडिङमा ठेक्का पारेर आयोजना 'होल्ड' गर्ने निर्माण कम्पनीलाई सचेत बनाएको छ । तोकिएको अवधिमा काम सुरू गर्ने तदारूकता नदेखाएमा सार्वजनिक खरिद ऐनको व्यवस्थाबमोजिम ठेक्का सम्झौता तोडिनुका साथै, धरौटीबापतको रकम, पेस्की जमानत जफत र पेस्की रकमको १० प्रतिशत ब्याज असुल हुनेछ ।

पछिल्लो दशक नेपालमा भौतिक पूर्वाधार निर्माण तीव्र गतिमा भइरहेको छ। पुँजीगत बजेटको ठुलो हिस्सा सडक, पुल, सिँचाइ नहर, अस्पताल, विद्यालयलगायतका कार्यालय भवन निर्माण खर्च हुँदै आएको छ। तर ठुला आयोजनामा कम बजेट विनियोजन, खुद्रे आयोजना र निर्माण व्यवसायीको लापर्बाहीका कारण सयौं आयोजना अहिले पनि अलपत्र छन् । घरआँगनका आयोजना वर्षौंदेखि अलपत्र परेको देखिरहेका सर्वसाधारणमा सरकार, निर्माण व्यवसायी र हाम्रो विकास प्रणालीप्रति नै नकारात्मक धारणा उत्पन्न हुने गरेको छ। त्यो असन्तुष्टि र निराशा चिर्न रूग्ण ठेक्का तोड्ने सरकारको नीति सहयोगी हुन सक्छ ।

सम्बद्ध कार्यालयले पटकपटक गरेको अनुरोध तथा सार्वजनिक सूचना पनि बेवास्ता गर्दै व्यवसायीले गर्दै आएको अनदेखा र जबर्जस्तीलाई नियमन गर्न पनि ठेक्का तोड्ने काम सही छ । यस क्रममा हुने जमानत जफतले आयोजना अलपत्र पार्ने व्यवसायीलाई नसियत हुनेछ। सरकारको यो कदमले सम्झौता अवधिमै आयोजना सम्पन्न गर्न निर्माण व्यवसायीलाई दबाब पुग्नेछ। निर्माण कार्य वर्षौं अलपत्र पारेर समय र लागत खर्च वृद्धि गर्ने प्रवृत्ति निरूत्साहित गर्नेछ ।

# धर्म र संस्कृति संरक्षणमा छठ पर्व

*छठ पर्व हिन्दु धर्मावलम्बीहरूको एक महत्वपूर्ण सांस्कृतिक उत्सव हो। विशेषगरी नेपालको तराई क्षेत्रमा मनाउँदै आइएको यो पर्व पछिल्लो समय पहाड र हिमाली क्षेत्रमा समेत मनाउन थालिएको छ। जसले यस पर्वलाई साझा पर्वका रूपमा अर्थ्याउन थालेको छ।*

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

सडक बाल्ने हाम्रो संस्कृति होइन, दीपावली गर्ने हो र त हरेक नदी जलाशयमा समेत दीपावली गरिन्छ छठमा । खासगरी छठ तराई संस्कृतिको हो तर यसले सिंगै देशमा यात्रा गरिरहँदा पनि तराईमै अहिले अशान्ति र राजनीतिको चरम बाछिटा छ। सरकारमा जाने, सत्ता र सरकार ढाल्ने, बेरुजु अधिक रहने संस्कृति त्यहाँ बढी छ। नक्कली खोल ओढेर नेपालीहरूमाथि थाप्लोमा ऋण थोपर्न आएका राजनीतिकर्मीहरूले देशैभरि ठुलो कुकृत्य गरेका छन् र देश धेरै पछि धकेलिएको छ। हरेक १० वर्षमा भत्कने राजनीतिक संस्कृति छ हाम्रो। यसपालि अलि बढी समयपछि भत्केको छ र यसका जराहरू अझै अवशेष बाँकी नै छन्।

छठ भन्नु सूर्य पूजा हो, उपासना हो। पूर्व दिशाबाट झुल्कने सूर्यका अल्ट्राभाइलेट किरणमा जीवात्माका लागि अत्यावश्यक भिटामिन ए र डी पाइन्छ। सौर्य किरणमा अनन्त ब्रह्माण्डीय ऊर्जा शक्ति छ। सप्तरंगी इन्द्रेणीसमेत मिश्रण सौर्य किरणबाट आज विज्ञानले अनेकौं सुविधायुक्त चमत्कार गरेको छ। संसारकै लागि वैज्ञानिक बनेको वैदिक संस्कारले मानिसको आत्म कारक सूर्यलाई उपल्लो रूपमा हेरेको छ। अथर्व वेदले सूर्य किरणमा मानव रोग निवारणको प्रचुर शक्ति छ भन्छ। निरोगिता, आयु, आरोग्य, देह पुष्टि, बलको सिर्जनाका लागि छठ पर्वका रूपमा पूजा आरम्भ भएको सूर्य पूजाको परम्परा सहरदेखि सबैतिर छ।

अविवाहितहरूले विवाहपछिको दाम्पत्य सुख र विवाहितहरूले असल पारिवारिक जीवनीको चाहना राखी उदाउँदो सूर्यलाई अर्घ्य दिई एकाबिहानै घाट वा नदी तलाउ किनारमा बसी उपासना गर्ने परम्पराको थालनी सत्ययुगमा अत्रि पत्नी अनुसूयाबाटै भएको र पतिव्रता अनुसूयाले पतिको दीर्घायुको कामना गर्दै छठ माताको पूजा गरी आरम्भ गरेको छठ पर्वले द्वापर युगसम्म निरन्तरता पाई श्रीकृष्ण पुत्र शाम्बले कुष्ठरोग निवारण हेतु यो व्रत गरेको कुरा भविष्य पुराणमा वर्णित छ। वेदले बताएको सम्पूर्ण जीव र जगत्‌को आँखा रूप सूर्य पूजाबाट अन्य मनोकामना पनि पूरा हुने विश्वास गरिन्छ। पौषमा हिन्दु नारीहरू हरेक आइतबार सूर्य उपासना गर्ने गर्छन् भने तागाधारी (जनै लगाउने)हरूले जप्ने सूर्य गायत्री मन्त्रले आत्मिक चुरो, भित्रिबल, दृढ इच्छाशक्ति, मनोबल वृद्धि हुने कुरा वैज्ञानिकहरूले पुष्टि गरेका छन्। मानवको उषाकालदेखि जीवन्त सौर्य ऊर्जाले संसारकै प्राणीलाई हित गर्छ भने अघि च्यवन ऋषिकी पत्नी सुकन्याले षष्ठीका व्रत गरेर छठ पूजा गरी अश्विनीकुमारमार्फत आफ्ना अन्धा पति च्यवनलाई उपचार गरी पुनर्दृष्टि प्रदान गरेकी थिइन्। छठ पूजा समूहमा आबद्ध भएर गरिने पर्व विशेष हो। अघि महाभारत कालमा पाँच पाण्डवहरूले आफ्नो गुप्त बासको, वनवासको समय समूहबद्ध भई सूर्योपासना गरेका थिए जसबाट सूर्यदेव खुसी भई पाण्डवहरूलाई शक्ति सञ्चयको आशीर्वाद प्राप्त भएको थियो।

ब्रह्मा, विष्णु र शिवको संयुक्त रूप सूर्य नै हो। सम्पूर्ण प्राणी मात्रको आत्माका रूपमा रहेको सूर्यले प्राणीहरूलाई ताप शक्ति दिन्छ।



कात्तिकदेखि बिस्तारै बढी जाडो हुने गर्छ, यसैले पनि मानिसहरू ताप शक्तितिर लाग्नु स्वाभाविक हो। शीतलताको कारक, मानिसको मनको ऊर्जा स्रोत भनेको चन्द्रमा हो। सूर्यले दिनमा महत्व दर्साएझैं चन्द्रमाले रातमा आफ्नो मनमोहक उपस्थिति दर्साएको हुन्छ। शारदीय रात्रिमै भगवान् श्रीकृष्णले संसार चकित पार्ने रासलीला रचाउनुभएको थियो, यसै कात्तिक शुक्ल रात्रि हो छठपछिको पूर्णिमा।

दिन र रात, सुख र दुःख मानव जीवनको पर्याय हो। जीवनको आरम्भ जलमा हुन्छ। जलतत्व, ज्वारभाटा, समुद्र चन्द्रमाबाट प्रभावित हुन्छ भने जीवनको सञ्चालन र पालना माटोमा हुन्छ। जल र माटो (पृथ्वी) दुवैको सञ्चालन गर्ने शक्ति भने आकाश (सूर्य) नै हो। हाम्रो स्थूल एक शरीरमा ३ सूक्ष्म शरीर सञ्चालन भइराखेको हुन्छ। पहिलो हो- माटो अर्थात् स्थूल शरीर (देखिने), दोस्रो हो मन (सूक्ष्म शरीर, नदेखिने) तेस्रो हो कारण शरीर आत्मा (झन् नदेखिने)। यसरी स्थूल, सूक्ष्म र कारण शरीर तीनवटैबाट मात्र हाम्रो जीवन जीविकोपार्जन भइराखेको हुन्छ। छठको दिन बेलुका चन्द्रमालाई खाना, खिर अर्पण गर्ने चलन पनि छ। यसको समष्टि भन्नु जल, माटो र अग्नि (ताप) हो। यी सबैको सामूहिक समर्पण भाव प्रकट गर्दै छठ पर्वमा माटोको घडासहित जलाशयमा उपस्थित भई फलफूल, मिठाई, पकवान्नहरू, नरिवल आदि लिई सूर्यदेवलाई खुसी पारिन्छ।

बेलुकीपख डुब्न लागेको सूर्यलाई अर्घ्य दिई पानीमा डुबुल्की मार्दै, मनोरञ्जन गर्दै गीत, नृत्य, भजनसहित रातभर जाग्राम बसेर छठ पर्व मनाउने धार्मिक, सांस्कृतिक पर्व अनुपम रहेको छ। भोलिपल्ट सप्तमीको सूर्योदय नहुँदै आफ्नो इच्छा सिद्धि होस् भनी वरदान माग्ने पनि चलन छ। भिन्सर अर्थात् बिहानै धूप, दीप, जल, पूजा अर्पण गर्दै सूर्य दर्शन गर्ने गरिन्छ।

देश धर्म, संस्कृतिमा बेजोड छ र फूलैफूलको चाड तिहारमा फूल आयातमा प्रतिबन्ध लाग्यो, बजार महँगो भयो। हरेक विषय आयात हुँदा मात्र बजार चलायमान र सहज हुन सक्ने भएको छ देश। लोकतन्त्रले धेरै सपना बाँड्यो तर आफ्नो मौलिक संस्कृति, धर्म, धरोहर संरक्षण गर्न सकेन। जहाँ धर्म र संस्कृति संरक्षण हुन्न त्यो देश दुर्दशामा फस्छ। लोकतन्त्रका संरचना ध्वस्त भई सिंहदरबारको प्रशासनयन्त्र नै पालमुनि पुग्दा पनि होस आएको छैन अझै। देशको धरोहर जोगाउने काम सरकारको हो सकेन र ढल्यो, मान्छे नै बचाउन नसक्नेले अमूर्त संस्कृति मौलिक कसरी बचाउला ?

हामी वैदिक सनातनी हौं, घुस हाम्रो संस्कृति होइन, न महँगो मदिरा नै जुन जनताको खानतलासी गर्दा थाहा भयो कि हाम्रो नेतृत्वले गरेको र देखाएको व्यवहार छरपस्ट बाहिर आइसकेको छ। नीतिले कमाऊ, रीतिले बाँच र प्रीतिले बाँच्न देऊ भन्ने हाम्रो संस्कृति हो जुन लोकतान्त्रिक भनिएको सरकारले पटक्कै गरेन, बरु निहत्था मान्छे खायो, विदेशीसामु लम्पसार पऱ्यो र आफूले अरूको भिक्षार्थी भई कुशासन र भ्रष्टाचारको दल दलमा फस्यो।

दसैं आयो, गयो, आशामा बसेको विपिनको शव आयो, तिहार आयो, मनमा उज्यालो आएन, समयको विवादमा पऱ्यो, पञ्चकमा एक दिन चिल्लै पूरै खाली। नोट थुपारेर नेतृत्वले देशलाई हरिबिजोक बनाएको छ भने खानैका लागि बिदेसिनुपर्ने नेपाली छन्। बंकरभित्र पैसा हुन्छ यहाँ, नैतिकताको गन्ध नदेखिने नेताहरू अझै जुँगाको लडाइँमा छन्। संस्कृति चरित्रमा हुन्छ आडम्बरमा हुन्न, चित्रमा पनि होइन। सत्ययुगमा हिरण्यकशिपुको शक्ति खेर गयो, त्रेतामा रावण कुम्भकर्णको र द्वापरमा कंस र शिशुपालको धेरै शक्ति गुम भयो। द्वापरमा सय गाली सहने शिशुपाललाई सय गालीपछि मात्र श्रीकृष्णले शिरच्छेदन गरेका थिए।

## इतिहासमा आज

२७ अक्टोबर २०१८ मा पिट्सबर्गको एक यहूदी प्रार्थनास्थलमा एक बन्दुकधारीले गोली चलाउँदा ११ जनाको मृत्यु भएको थियो भने चार प्रहरी अधिकारीसहित ६ जना घाइते भएका थिए।




२७ अक्टोबर २०१७ मा क्याटालोनियाले स्पेनबाट स्वतन्त्रताको घोषणा गरेको थियो।



२७ अक्टोबर २०१४ मा १२ वर्ष चार महिना सात दिनपछि अपरेसन हेरिकको अन्त्यमा बेलायत अफगानिस्तानबाट फिर्ता भएको थियो।




२७ अक्टोबर १९९९ मा बन्दुकधारीहरूले अर्मेनियाली संसदमा गोली चलाउँदा प्रधानमन्त्री र अन्य सात जनाको मृत्यु भएको थियो।



# जलवायु सम्मेलनमा नेपालका एजेन्डा

विचार



● शंकरमान सिंह

*वातावरणीय ह्रासमा न्यून योगदान भए पनि नेपाल विश्वव्यापी जलवायु परिवर्तनका कारण सबैभन्दा जोखिमयुक्त देशहरूमध्ये एक हो। हिमनदी पग्लने, हिमताल फुट्ने, पहिरो, खडेरी तथा तराई-मधेसमा बारम्बार आउने बाढी र डुबानजस्ता समस्या तीव्र हुँदै गएका छन्। बिनाकारण आफूले भोग्नुपरिरहेको समस्याको जवाफ नेपालले पाउनुपर्छ।*

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन (कोप-३०) आगामी नोभेम्बरमा ब्राजिलको बेलेममा हुँदै छ। जुन सम्मेलनका लागि आयोजकसँगै विभिन्न राष्ट्रहरूले आफ्नो तयारी गरिरहेका छन्। नेपालको वन तथा वातावरण मन्त्रालयले यस सम्मेलनमा जलवायु वित्त, कार्बन व्यापार, जलवायु अनुकूलन र न्यूनीकरण, जलवायुजन्य क्षति-नोक्सानी र हिमालय संरक्षणका मुद्दा प्राथमिकताका रूपमा उठाउने तयारी गरेको छ।

वातावरणीय ह्रासमा न्यून योगदान भए पनि नेपाल विश्वव्यापी जलवायु परिवर्तनका कारण सबैभन्दा जोखिमयुक्त देशहरूमध्ये एक हो। हिमनदी पग्लने, हिमताल फुट्ने, पहिरो, खडेरी तथा तराई-मधेसमा बारम्बार आउने बाढी र डुबानजस्ता समस्या तीव्र हुँदै गएका छन्। यी प्रभावले विशेषगरी गरिब, साना किसान, सीमान्तकृत समुदाय, महिला, बालबालिका, अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिकलाई बढी असर गरेको छ। नेपालले आयोजना गरेको सगरमाथा संवादले हरित, लचिलो र समावेशी विकास, स्वच्छ ऊर्जा, ऊर्जा दक्षता र समतामूलक ऊर्जा पहुँचमा जोड दिँदै, हरित र जैविक अर्थतन्त्रलाई प्रवर्धन गर्ने आह्वान गरेको थियो।

नेपालले हालै राष्ट्रिय वातावरण तथा जलवायु परिवर्तन परिषद्, पेरिस सम्झौताको धारा-६ अन्तर्गतका छलफल र संयुक्त राष्ट्र महासचिवको उच्चस्तरीय सहभागितासहितका बैठकमार्फत आफ्नो तयारीलाई बलियो बनाएको छ। हिन्दुकुश-हिमालय क्षेत्रका हिमनदीहरूबाट २५ करोडभन्दा बढी र तल्लो तटीय क्षेत्रका १ अर्ब ६५ करोड मानिस प्रत्यक्ष लाभान्वित छन्। यी हिमनदीहरूको द्रुत पग्लिने क्रम र बाढीको जोखिमले नेपाललाई विश्वकै चौथो जोखिमयुक्त देशको सूचीमा राखेको छ। नेपालजस्ता विकासोन्मुख मुलुकहरूको योगदान न्यून भए पनि प्रभाव असमान रूपमा बढेको छ। त्यसैले नेपालले विगतका कोप सम्मेलनहरूमा जस्तै यसपटक पनि धनी राष्ट्रहरूले जलवायु वित्तीय दायित्व बढाउनुपर्ने र विकासोन्मुख देशहरूका लागि वित्तीय पहुँच सहज हुनुपर्ने अडान लिने तयारी गरेको छ।

हाल जलवायु वित्तमा पहुँच कठिन र प्रक्रिया झन्झटिलो रहेकाले, वैदेशिक सहयोगका स्रोतमा नेपालजस्ता मुलुकलाई समस्या भोग्नुपरेको छ। बाढी, पहिरो, डुबान, रेकर्ड तोड तापक्रम वृद्धि र प्राकृतिक प्रकोपका घटनाहरूले यो संकट अझ गहिरिँदै गएको स्पष्ट छ।

कोप-२९ मा नेपालले जलवायु वित्त, हानि-नोक्सानी, न्यूनीकरण, कार्बन व्यापार, पर्वतीय मुद्दा, प्रविधि र क्षमता अभिवृद्धि, तथा समावेशितालाई प्राथमिकता दिएको थियो। जुन सम्मेलनमार्फत स्थापना गरिएको जलवायुजन्य हानि-नोक्सानी कोषको प्रभावकारी कार्यान्वयनका लागि नेपालले निरन्तर दबाब दिने तयारी गरेको छ।

हिमनदीहरू बर्सेनि औसत ६० मिटरको दरले खुम्चिँदै छन्, जसले नयाँ हिमताल निर्माण र तिनको विस्फोटबाट हुने बाढीको जोखिम बढाएको छ। सगरमाथा क्षेत्रको हालको हिमताल बाढी, २०२४ को वनडढेलो, २०२३ को कागबेनी बाढी र २०२१ को मेलम्ची बाढीले जलवायु प्रकोपको तीव्रता प्रस्ट पार्छन्। यी घटनाहरूका कारण समुदायहरू गरिबी, विस्थापन र जीविकोपार्जनको संकटमा परेका छन्।

नेपालले सन् २०२१-२०३० बीचको एनडिसी कार्यान्वयनका लागि ३३.०४ अर्ब अमेरिकी डलर र सन् २०५० सम्मको राष्ट्रिय अनुकूलन योजना कार्यान्वयनका लागि ४७.४ अर्ब अमेरिकी डलर आवश्यक पर्ने अनुमान गरेको छ तर नेपाल आफैंले त्यसको सानो अंश मात्र जुटाउन सक्ने अवस्थामा छ। नेपालले जलवायु वित्तलाई आफ्नो सार्वजनिक वित्तीय प्रणालीमा एकीकृत गर्दै जलवायु बजेट ट्यागिङ लागू गरेको छ। तर स्पष्ट पुनः विनियोजन रणनीति र नतिजामुखी नीति अभावमा यसको प्रभाव सीमित देखिन्छ। अन्तर्राष्ट्रिय सहयोग र निजी लगानीको परिचालन आवश्यक छ।

विश्वव्यापी तापक्रम वृद्धिका कारण नेपाल जलवायु प्रकोपको केन्द्रबिन्दुमा पुगेको छ। जुन अवस्थालाई मध्यनजर गरी नेपालले यसपटक तथ्यांक, प्रमाण र सशक्त नीति प्रस्तावसहित कोप-३० मा प्रस्तुत हुनुपर्नेछ। जलवायु वित्त, पर्वतीय संरक्षण, प्रविधि हस्तान्तरण र जलवायु न्यायमा आधारित कार्यसूचीमार्फत नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष आफ्नो स्पष्ट अडान राख्नुपर्छ।

## सामाजिक सञ्जाल



**विष्णुराज उप्रेती**

बरु देश गृह युद्धमा जाओस्, शासकहरूले आफ्नो ढिपी नछोड्ने भए। संवाद, सहकार्य र सम्भाव्य विकल्पहरूमध्ये राम्रो विकल्पमा सहमति गरेर अगाडि बढ्नु नै अहिलेको जटिलतालाई सम्बोधन गर्ने सही उपाय हो भन्ने शासकहरूले कहिले बुझ्ने खोइ ! ढिला भइसक्यो।



**सेतेमान तामाङ**

गिरिजाप्रसाद कोइरालाले मध्यावधि निर्वाचनमा पार्टी पराजय हुँदा पूर्ण रूपमा जिम्मेवारी लिई दलको नेता शेरबहादुर देउवालाई बनाएको इतिहास छ। तर अहिले पार्टी हार मात्र होइन देश नै हार्दा पनि नेतृत्व छाड्न खोज्दैनन्, नैतिक जिम्मेवारी लिँदैनन्। अल्पज्ञान र सत्ता मोहको नियतिको परिणाम हुन्।



**शरदराज पाठक**

राजनीतिलाई सन्तुलनमा राख्न र देशलाई दुर्घटनाबाट जोगाउन (नरम) दक्षिणपन्थी र वामपन्थी शक्ति दुवै चाहिन्छन्। नेपालमा (विकृत) वामवादलाई निकै प्रवर्धन मिल्यो र धेरै पक्षको ठुलो 'लगानी' भयो। जबकि दक्षिणपन्थी शक्तिलाई अपराधीझैं गरेर निषेध गर्नुपर्छसम्म भनियो/लेखियो। परिणाम सामुन्नेमा छ।



**बाबुलाल भण्डारी**

अब जेनजीहरू विभाजित भए, एकीकृत हुन सक्दैनन् र परिवर्तनलाई रोकेर लुटतन्त्र फर्काउन सकिन्छ भन्ने ठानेर उनै भ्रष्टहरूका अनुचर अचम्मले जुरमुराउँदै र षडयन्त्रका अनेक कथा फैलाउँदै थिए। तर जेनजीले फेरि एकताबद्ध बन्ने अभियानका साथ माइतीघरबाट फेरि खबरदारी गर्न थालेछन्। राम्रो हो !

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ। तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ। - सं.

# बदलिँदो परिस्थितिअनुसार काम गर्न नगरप्रमुख श्रेष्ठको आग्रह

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
सन्धिखर्क, ९ कात्तिक



अर्घाखाँचीको सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले नागरिकको अपेक्षा बुझ्दै सीमित स्रोत-साधनबीच असिमित आवश्यकता पूरा गर्नुपर्ने चुनौती रहेको उल्लेख गर्दै राष्ट्रसेवक कर्मचारीहरूले सरल, सहज र छिटो सेवा प्रवाहमा महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताएका छन् ।

हालै सरुवा भएर आएका प्रमुख प्रशासकीय अधिकृत उपसचिव खिमानन्द भुसाललाई स्वागत गर्दै नगरप्रमुख श्रेष्ठले भने, 'युवा जोश-जाँगरसँगै अन्य ठाउँमा काम गरेको र विदेशमा अध्ययन गरेको अनुभवलाई उच्चतम रूपमा प्रयोग गर्दै अघि बढ्नुपर्नेछ। सन्धिखर्क नगरपालिका देशकै उत्कृष्ट नगरपालिका हो। हामीलाई सबैले हेर्ने र सोध्ने गर्छन् । कुनै पनि बहानामा नागरिकलाई दुःख दिने, पैसा लिने, समयमा काम नगर्ने वा जनताको सहज हुने काम नगर्ने काम सह्य छैन । यदि गुनासो आएमा २४ घण्टाभित्र कानुन बमोजिम कारबाही गरिनेछ ।'

नगरप्रमुख श्रेष्ठले जनतालाई मुस्कानसहित सेवा प्रवाह गर्न सबै सधैं जुट्नुपर्ने बताए। उनले भने, 'बसाइँसराइ र विदेश पलायन रोक्न स्थानीय सरकारले पहल गर्नुपर्छ। यस्तो विषम परिस्थितिमा स्थानीय सरकार जनताको दैलोसम्म पुग्ने सरकारका रूपमा काम गर्नुपर्छ । अहिलेको चुनौती पार गरेर अघि बढ्न आर्थिक विकास र रोजगारीका कार्यक्रम अगाडि बढाउन आवश्यक छ। सबै पक्ष मिलेर सन्धिखर्क नगरपालिकालाई समृद्ध नगरपालिका बनाउनेछौं ।'

कार्यक्रममा नगरउपप्रमुख मिश्रा आचार्यले कर्मचारी र जनप्रतिनिधिहरूको टिम एकताबद्ध भइ देखिने गरी काम गर्नुपर्ने बताउँदै नवआगन्तुक प्रमुख प्रशासकीय अधिकृतबाट कुशल नेतृत्वको अपेक्षा व्यक्त गरिन् ।

प्रमुख प्रशासकीय अधिकृत भुसालले नागरिकका काम सहजतापूर्वक पूरा गर्न कार्यालय समयबाहेक पनि सक्रिय रहने प्रतिबद्धता जनाए ।

उनले सम्पूर्ण कर्मचारीहरूलाई पेशागत व्यवसायिकताको लागि सुत्ने बेलामा समेत कार्यालयको कामबारे सोच्दै गतिशीलता र ऊर्जासहित काममा लाग्नुपर्ने बताए ।

भुसालले थपे,'नगरपालिकामा विभिन्न अवसर र चुनौती छन् । अर्घाखाँचीका अन्य पालिकाभन्दा सन्धिखर्कको भौगोलिक र सामाजिक अवस्था मिल्दोछ । हामी कर्मचारीहरूको टिमले जनप्रतिनिधिको टिमसँग सहकार्य गर्दै परिणाममुखी काम गर्नुपर्छ। हाम्रो कार्यले नै नगरपालिकाको सफलता निर्धारण गर्छ। जागिरका लागि मात्र होइन, जीवनमा केही गर्व गर्न सक्ने गरी काम गर्नुपर्छ । म पालिकाका सबै तहको अनुगमन गरी शाखागत अवस्था बुझेर नागरिकको अपेक्षाअनुसार छिटो, छरितो र सहज सेवा प्रवाह गर्नेछु ।'

२०७५ सालमा निजामती सेवामा प्रवेश गरेका भुसालले शाखा अधिकृत हुँदै रुपन्देही, कपिलवस्तुका विभिन्न नगरपालिका तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसहित विभिन्न मन्त्रालय, विभाग र कार्यालयहरूमा काम गरेको अनुभव संगालेका छन् ।

स्वागत कार्यक्रममा नगरपालिका वरिष्ठ शाखा अधिकृत मञ्जु खनाल, वडा नं. १ का अध्यक्ष माधव श्रेष्ठ, वडा नं. २ का अध्यक्ष एवम् नगरप्रवक्ता मोतिजङ्ग रायमाझी, वडा नं. ५ का अध्यक्ष ऋषभ अधिकारी, वडा नं. ८ का अध्यक्ष हुमप्रसाद बन्जाडे, वडा नं. ९ का अध्यक्ष पदमबहादुर भुसाल, वडा नं. १० का अध्यक्ष मोहनसिंह ठकुरी, प्रशासकीय अधिकृत बालबहादुर घर्ती, मुक्तिराम खनाल, दिलीप केसी, स्वास्थ्य शाखा प्रमुख पूर्णप्रसाद पराजुली, प्राविधिक नारायण पोखरेल लगायतका कर्मचारी, जनप्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रम प्रशासकीय अधिकृत मुक्तिराम खनालले सञ्चालन गरेका थिए भने वरिष्ठ प्रशासकीय अधिकृत मञ्जु खनालको स्वागत मन्तव्य राखेकी थिइन् ।

# रुकुम पश्चिम जिप दुर्घटना : मृतक आठ जनाको अन्त्येष्टि



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ९ कात्तिक

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका-७ लिस्नेस्थित भित्री सडक खण्डमा भएको जिप दुर्घटनामा ज्यान गुमाएका आठ जनाको अन्त्येष्टि गरिएको छ ।

मृतक सबैको शवलाई पोष्टमार्टमपछि आफ्नै गाउँ स्यालाखदी ल्याएर अन्त्येष्टि गरिएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जनाएको छ ।

क्रिश्चियन धर्मावलम्बी चार जनाको शव बाँफिकोट-२ बेरजङ्गा नजिकैको झाडी वनमा गाडिएको छ भने एक जनाको हिन्दु धर्म अनुसार गाउँ नजिकैको घाटमा दाहसंस्कार गरिएको आठबिसकोट नगरपालिका-२ का वडाध्यक्ष देवबहादुर यरीले बताए।

उनका अनुसार बाँकी तीन जनालाई पनि वडा नम्बर १ भित्रै क्रिश्चियन परम्पराअनुसार जंगलमा गाडिएको हो ।

दुर्घटनामा मृत्यु हुनेहरूमा बाँफिकोट-१ का १६ वर्षका टेकजंग बुढा, १५ वर्षकी दिलमाया बुढा र १५ वर्षकी कल्पना नेपाल रहेका छन् ।

त्यस्तै, वडा नम्बर २ का २८ वर्षकी सविता विक, १७ वर्षकी मनिका ओली, १८ वर्षकी शर्मिला विक र २२ वर्षका गोपाल ओली रहेका छन् । वडा नम्बर ३ की ३० वर्षीया कमला वलीको पनि दुर्घटनामा मृत्यु भएको थियो ।

जिप दुर्घटनामा बाँफिकोट-७ लिस्नेमा १७ वर्षकी सिर्जना बुढा, १५ वर्षकी सपना नेपाल, १८ वर्षकी जुना बुढा, १७ वर्षकी संगिता बुढा, १९ वर्षकी शान्ति बुढा, १७ वर्षकी अञ्जना यरी, २० वर्षकी महिमा ओली, १७ वर्षकी मनिषा थापा, १५ वर्षकी सबिता विक र चालक ३४ वर्षका टोपजंग बुढा घाइते भएका थिए । घाइतेमध्ये चालक मुसिकोट नगरपालिका-२ का हुन् भने बाँकी नौ जना आठबिसकोट नगरपालिका-१ का रहेका छन् ।

जिल्ला अस्पताल सल्लेमा उपचाररत घाइतेमध्ये छ जनाको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

तर आठबिसकोट नगरपालिका-२ की १९ वर्षकी शान्ति बुढा, सोही वडाकी १७ वर्षकी मनिषा थापा र वडा नम्बर १ की १८ वर्षकी जुना बुढाको गम्भीर चोटका कारण नेपालगञ्जमा उपचार भइरहेको सूचना अधिकारी प्रहरी निरीक्षक हरिप्रसाद पुनले जानकारी दिए ।

चालक बुढाको स्वास्थ्य अवस्था सामान्य भएपछि उनलाई थप अनुसन्धानका लागि प्रहरी हिरासतमा राखिएको छ ।

मुसिकोट नगरपालिका-१ खलंगाबाट आठबिसकोट नगरपालिका-२ स्यालाखदीतर्फ गइरहेको रा.१ ज ४२२ नम्बरको जिप भित्री सडक खण्डबाट करिब ७ सय मिटर तल खसेको थियो ।

दुर्घटनामा सात जनाको घटनास्थलमै र एक जनाको उपचारका क्रममा जिल्ला अस्पताल सल्लेमा मृत्यु भएको थियो । घटनामा १० जना घाइते भएका थिए ।

# जंगली जनावरको आक्रमण बढेसँगै स्थानीय आतंकित

**बाँके/मस-** राप्तीसोनारी क्षेत्रमा जंगली जनावरको आक्रमण बढ्न थालेपछि स्थानीयवासी आतंकित भएका छन् ।

बाँके राष्ट्रिय निकुञ्जबाट बाहिर निस्कने बाघ र चितुवाले निकुञ्ज वरिपरिका क्षेत्रमा घाँस दाउरा गर्न गएका व्यक्तिमाथि निरन्तर आक्रमण गर्न थालेपछि स्थानीयवासी त्रसित बनेका राप्तीसोनारी गाउँपालिका-९ का वडाध्यक्ष सोहनलाल थारुले बताए ।

उनका अनुसार पछिल्लो पटक शनिबार बाघको आक्रमणमा परी राप्तीसोनारी-९ गुरुवागाउँ नमूनाटोल निवासी ४० वर्षीय इन्द्रबहादुर खत्रीको मृत्यु भएपछि बाँके राष्ट्रिय निकुञ्ज र स्थानीयबीचको द्वन्द्व बढ्दै गएको छ ।

शुक्रबार दिउँसो घाँस काट्न गएका खत्री साँझसम्म पनि घर नफर्केपछि प्रहरी र स्थानीयको संयुक्त टोलीले खोजतलास गर्दा शनिबार बिहान जंगली जनावरले खाएको अवस्थामा शव फेला परेको थियो। स्थानीयको सुरक्षामा निकुञ्ज प्रशासनले बेवास्ता गरेको आरोप लगाइएको छ ।

उनीहरुले शनिबार घटनास्थलमा खटिएका निकुञ्जका रेञ्जर जयहरि धिताल र समाचार संकलनका लागि पुगेका सञ्चारकर्मी डिल्ली शाहीमाथि हातपातसमेत गरेका छन् ।

बाँके निकुञ्ज वरिपरिका क्षेत्रमा प्रायजसो बाघ र चितुवाको आक्रमणका घटना भइरहेकाले स्थानीय बासिन्दालाई घाँस दाउरा गर्न जाँदा एक्लै नजान र साँझको समयमा अनावश्यक रुपमा वनजंगल नजिक नजान अनुरोध गरिएको निकुञ्जका प्रमुख वरिष्ठ संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले बताए । उनले मानव-वन्यजन्तुद्वन्द्व न्यूनीकरणका लागि निकुञ्जले विभिन्न गतिविधि गर्दै आएको उल्लेख गर्दै वन्यजन्तुबाट मृतक तथा घाइतेलाई कानुन बमोजिम राहत तथा क्षतिपूर्ति उपलब्ध गराइने बताए । निकुञ्ज वरिपरिका क्षेत्रमा पटक-पटक बाघ र चितुवाको आक्रमण हुने गरेकाले मध्यवर्ती क्षेत्रका स्थानीय निकै त्रसित र आतंकित बनेको गाउँपालिकाका अध्यक्ष तप्त पौडेलले बताए ।

# स्रोत नखुलेको करिब ७० लाखसहित पक्राउ परेकाविरुद्ध आठ दिन म्याद थप



**काठमाडौं/मस-** नेपाल प्रहरीले स्रोत नखुलेको ६९ लाख ८५ हजार रुपैयाँ रकम र सुनका गहनासहित पक्राउ गरेका दुई जनामाथि आठ दिन म्याद थप गरिएको छ ।

तिहार बिदाको समयमा यही कात्तिक ५ गते पक्राउ परेका धादिङको नीलकण्ठ नगरपालिका दुई घर भई हाल काठमाडौं बस्ने २२ वर्षकी रोजिना सुनार र चिनिया नागरिक झाओ झोङलाई आइतबार म्याद थपिएको हो । दुवैलाई बिदा खुलेपछि काठमाडौं जिल्ला अदालतमा पेस गरिएको थियो । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले सुनार बैंकिङ कसुरमा फरार रहेको अभिलेखसमेत पाइएको बताए ।

दुवै जनालाई नागर्जुन नगरपालिकास्थित सानो भऱ्याङमा अवैध कारोबार भइरहेको भन्ने सूचनाका आधारमा प्रहरी टोलीले पक्राउ गरेको थियो । निजका साथबाट ६९ लाख ८५ हजार नगदसहित सुनको झुम्का चार थान, बाला चार थान र मोबाइल पाँच थान बरामद गरिएको थियो।

### हत्यामा संलग्न अभियुक्त २० वर्षपछि पक्राउ

म्याग्दीमा २० वर्षअघि भएको हत्या घटनामा संलग्न एक अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ । बेनीनगरपालिका-६, माझखेतका कर्णबहादुर घर्ती क्षेत्रीको २०६२ असोज ६ गते भएको हत्यामा संलग्न सोही ठाउँका ४३ वर्षीय ठहरबहादुर घर्ती क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालयले आयोजना गरेको पत्रकार सम्मेलनमा प्रहरी नायब उपरीक्षक सूर्यबहादुर थापाले घटना भएकै राति फरार भएका ठहरबहादुरलाई घरबाटै पक्राउ गरिएको जानकारी दिए ।

पक्राउ परेका ठहरबहादुर नाताले मृतक घर्तीका भाइ हुन् । घरमा सुतिरहेका कर्णबहादुरलाई उनले दाउराले हानेर हत्या गरेको र उनकी श्रीमतीलाई समेत दाउराले हानेर गम्भीर घाइते बनाई गरगहना लुटेर भागेर भारत गएको अभियुक्त घर्तीले बयान दिएको प्रहरीले जनाएको छ ।

घटनापछि अभियुक्त घर्ती पाँच वर्ष भारतको मुम्बई बसेका थिए भने त्यसपछि पोखरा आएर खाजा पसल सञ्चालन गर्नुका साथै देशका विभिन्न ठाउँमा ज्यामी र मिस्त्रीको काम गरी लुकीछिपी घर आउनेजाने गरेको पाइएको छ ।

घर्तीलाई प्रहरीले यही कात्तिक १ गते पक्राउ गरी मुलुकी अपराधसंहिता २०७४ बमोजिम ज्यानसम्बन्धी कसुर मुद्दामा जिल्ला अदालतबाट १० दिनको म्याद अनुमति लिएर अनुसन्धान गरिरहेको प्रहरी नायब उपरीक्षक थापाले जानकारी दिए।

अभियुत्त घर्ती क्षेत्री यसअघि पनि जबर्जस्ती करणी मुद्दामा दोषी ठहर भएका व्यक्ति हुन् । २०५९ पुसमा जबर्जस्ती करणी अभियोगमा पुर्पक्षका लागि कारागार चलान भएकामा २०६० चैत ७ गते तत्कालीन विद्रोही माओवादीले गरेको बेनी आक्रमणका क्रममा कारागारबाट भागेर फरार भएका थिए। जिल्ला अदालत म्याग्दीले २०६६ जेठ १६ गते घर्ती क्षेत्रीलाई जबरजस्ती करणी मुद्दामा १० वर्ष कैद सजायको फैसला गरेको थियो ।

# एनसिसी कतारको आयोजनामा स्तन क्यान्सरसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ९ कात्तिक

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनसीसी) कतारले स्तन क्यान्सरसम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ । दोहाको सी रिङ रोडमा अवस्थित नसिम मेडिकल सेन्टरसँगको सहकार्यमा शुक्रबार ५३ जना नेपाली महिलाहरूको उपस्थितिमा स्तन (ब्रेस्ट) क्यान्सरको समयमै पहिचान, रोकथाम तथा नियमित स्वास्थ्य परीक्षणको महत्वबारे सचेत गराउँदै कार्यक्रम सम्पन्न गरेको हो ।


एनसीसी कतारकी महिला उपाध्यक्ष टौमाया गुरुङको संयोजकत्वमा सम्पन्न भएको कार्यक्रममा अस्पतालका तर्फबाट डा.नुरुलिसा पलाथुरले स्तनको क्यान्सर र रोकथामका उपायका बारेमा जानकारी दिँदै प्रारम्भिक लक्षण पहिचान, स्क्रिनिङको आवश्यकता तथा समयमै उपचार गराउँदा हुने फाइदाबारे महत्वपूर्ण जानकारी गराएकी थिइन् ।

कार्यक्रममा एनसीसी कतारका तर्फबाट अध्यक्ष कृष्ण पन्थी र नसिम मेडिकल सेन्टरका तर्फबाट कर्पोरेट रिलेसन सीप तथा मार्केटिङ एसिस्टेन्ट म्यानेजर आस्रफ पी बीच एउटा ऐतिहासिक समझदारी पत्रमा हस्ताक्षर समेत भएको छ। उक्त समझदारी पत्रमा विशेषज्ञ सेवामा ३०, सिटी स्क्यान,एमआरआईमा १५, प्याथोलोजी जाँच एक्स-रे, अल्ट्रासाउन्डमा ३०, डेनटल, डर्माटोलोजीमा १५ र कस्मेटिक टेन्टल,कस्मेटिक डर्माटोलोजी लगायतका सेवामा १० प्रतिशत छुट हुने र सेवा लिन एनसीसीको परिषद् सदस्यता कार्ड अनिवार्य हुनुपर्ने सहमति भएको एनसीसी कतारले जनाएको छ ।

यो नै एनसीसी कतार र कतारमा रहेको कुनै पनि निजी स्वास्थ्य संस्थासँग भएको पहिलो समझदारी पत्र हो। यसलाई नेपाली समुदायको हितमा भएको एक महत्वपूर्ण कोशेढुंगाका रूपमा लिइएको छ ।

कार्यक्रममा मानसिक स्वास्थ्य तथा पारिवारिक सम्बन्ध सुदृढीकरण विषयमा फेमिली वोन्ड कतारकी फाउन्डर आलिया मसोदीले भावनात्मक समन्वय, तनाव व्यवस्थापन तथा पारिवारिक समझदारीको महत्त्वबारे प्रकाश पारेकी थिइन । अध्यक्ष पन्थीले कार्यक्रम सफल बनाउन सहयोग पुऱ्याउने सम्पूर्ण टिमलाई धन्यवाद ज्ञापन गरे । कार्यक्रममा सहभागीहरूको सक्रियता र उत्साह अभिवृद्धि गर्न ६ वटा प्रश्नोत्तर कार्यक्रम पनि राखिएको थियो । जसमा छिटो र छरितो रूपमा सही उत्तर दिनेलाई विशेष उपहार वितरण गरिएको थियो भने उत्कृष्ट कार्यक्रम सहजीकरण र प्रेरणादायी प्रस्तुति प्रस्तुत गरेको भन्दै कार्यक्रम सञ्चालिका यास्मिन नाजप्रति सम्मान व्यक्त गरिएको थियो ।

# पुल मर्मत नहुँदा सास्ती



**ओखलढुंगा/मस-** ओखलढुंगाको प्रसिद्ध पर्यटकीय स्थल सेप्ली झरना जाने झोलुङ्गे पुलमा माथिबाट खसेको ढुंगाले क्षति पुऱ्याउँदा पर्यटक र सर्वसाधारणलाई आवागमनमा सास्ती भइरहेको छ ।

करिब तीन महिनाअघि माथिबाट खसेको ढुंगाले पुलको बीच भागमा क्षति पुऱ्याएको थियो । तर, अहिलेसम्म मर्मत नहुँदा चाडपर्वका अवसरमा झरना हेर्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरू र स्थानीय सर्वसाधारणलाई आवतजावतमा गम्भीर समस्या भएको हो ।

दशैं, तिहारलगायत पर्व मनाउन गाउँ फर्किने अधिकांश व्यक्ति मोलुङ गाउँपालिका-८ मा अवस्थित सुन्दर पर्यटकीय स्थल सेप्ली झरना घुम्न आउने गर्छन् । सामान्य समयमा यहाँ छिटफुट पर्यटक आउने गरे पनि चाडपर्वको समयमा आन्तरिक पर्यटकको संख्या उल्लेख्य हुने गरेको स्थानीयवासीहरू बताउँछन् ।

पर्यटकीय पूर्वाधार विकास योजनाअनुसार गत वर्ष झरनालाई नजिकबाट नियाल्नका लागि निर्माण गरिएको पुल यसै वर्ष क्षतिग्रस्त भएपछि समस्या उत्पन्न भएको स्थानीय दीपक राईले बताए ।

लामो समयदेखि पुल मर्मत नहुँदा जोखिम बढेको भन्दै उहाँले बालबालिका र वृद्धवृद्धाहरूका लागि खोला पार गर्न असम्भव जस्तै भएको बताए ।

उनका अनुसार स्थानीयहरू अहिले पनि क्षतिग्रस्त पुलको जोखिम मोलेर वारपार गर्न बाध्य छन् । मोलुङ-८ की आशा राईका अनुसार पुल क्षतिग्रस्त भएपछि सो क्षेत्र यात्रा गर्न जोखिमपूर्ण रहेको भन्ने जानकारी फैलिएको कारण यस वर्ष सेप्ली झरना आउने पर्यटकको संख्या घटेको छ ।

झोलुंगे पुलमा परेको प्वालका कारण जोखिम झन् बढिरहेको जनाउँदै स्थानीय बासिन्दाले जनप्रतिनिधिहरूको आलोचना गरेका छन् । मोलुङ-८ का वडाध्यक्ष सुधीर राईले वर्षायामका कारण सडक अवरुद्ध भएको र त्यसले मर्मतका लागि आवश्यक सामग्री पुलसम्म पुऱ्याउन नसकिएको बताए ।

उनका अनुसार केही दिनमै सडक सञ्चालन भएपछि पुल मर्मत कार्य सुरु गर्ने तयारी भइरहेको छ ।

सेप्ली झरना सुन्दर र आकर्षक भएको कारण ओखलढुंगा जिल्लाको एक प्रमुख आन्तरिक पर्यटकीय गन्तव्यका रूपमा परिचित बन्दै गएको छ । मोलुङ गाउँपालिकाको मुख्य पर्यटकीय आकर्षण भए पनि आवश्यक पूर्वाधार विकास र प्रचारप्रसारको कमीका कारण सेप्ली अझै ओझेलमा रहेको स्थानीयहरूको भनाइ छ ।

बहराइनमा रोजगार
कम्पनी: RAHEEQ FLOWER CENTRE
पूर्व स्वीकृत मितिः २०८२/०५/३०
चलानी नं.: ६०२४६४३३
शहर: Bahrain
LT. No.: 332508

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 20 | 0 | स. काममा दक्ष | 120 | ४४,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक १७ गते (3 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BRIGHT FUTURE HR SOLUTION PVT.LTD.
श्रम इजाजत नं. १६०२/०७९/०८०
KMC-03, Kathmandu, Nepal, Tel: 01-5914632, 5924632, 9802348222,
Email : cv@brightfuturehrsolution.com

वैदेशिक व्यापार

# सोयाबिन तेलको आयात निर्यात अग्रस्थानमा




**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ कात्तिक

चालु आर्थिक वर्ष (आव)को तीन महिनामा नेपालको वैदेशिक व्यापार अघिल्लो आवको सोही अवधिको तुलनामा २६ दशमलव शून्य ४ प्रतिशतले बढेको छ। चालु आवको तीन महिनामा वैदेशिक व्यापार बढेसँगै कुल व्यापार घाटा पनि १२ दशमलव १८ प्रतिशतले बढ्न पुगेको छ।

भन्सार विभागले आइतबार सार्वजनिक गरेको असोज मसान्तसम्मको वैदेशिक व्यापारको तथ्यांकअनुसार सो अवधिमा ४ खर्ब ६८ अर्ब ८ करोड ३३ लाख रुपैयाँको वस्तु आयात आयात भएको छ। त्यस्तै, सो अवधिमा ७२ अर्ब ७८ करोड २८ लाख रुपैयाँबराबरको वस्तु निर्यात भयो।

विभागको तथ्यांकअनुसार चालु आवको तीन महिनामा सबैभन्दा धेरै आयात र निर्यात भएको वस्तुमा भने सोयाबिन तेल र त्यसको कच्चा पदार्थ रहेको देखिएको छ। तथ्यांकअनुसार तीन महिनाको अवधिमा ३० अर्ब २४ करोड ८७ लाख १२ हजार रुपैयाँबराबरको सोयाबिन तेल र सोको कच्चा पदार्थ आयात भएको छ भने ३० अर्ब ६९ करोड ७८ लाख ३५ हजार रुपैयाँबराबरको निर्यात भएको छ।

त्यस्तै, समीक्षा अवधिमा १६ अर्ब ७८ करोड ८७ लाख रुपैयाँको पेट्रोल, २० अर्ब ६९ करोड ४५ लाख रुपैयाँबराबरको डिजेल र १३ अर्ब ९८ करोड १९ लाख रुपैयाँको एलपी ग्यास आयात भएको छ। साथै, सो अवधिमा १३ अर्ब ६२ करोड ७५ लाख रुपैयाँबराबरको स्मार्टफोन आयात भएको छ।

पछिल्लो तीन महिनामा छिमेकी मुलुक भारतबाट २ खर्ब ५८ अर्ब ८७ करोड ८२ लाख रुपैयाँको आयात र ५९ अर्ब १२ करोड ८३ लाख रुपैयाँको निर्यात भएको छ। त्यस्तै, सोही अवधिमा चीनबाट १ खर्ब ४ अर्ब ८९ करोड रुपैयाँको वस्तु आयात हुँदा १८ करोड ६४ लाख रुपैयाँबराबरको मात्रै निर्यात भएको छ।

समीक्षा अवधिमा वीरगन्ज नाकाबाट सबैभन्दा धेरै ४६ दशमलव ७५, भैरहवा नाकाबाट १५ दशमलव ३०, विराटनगर नाकाबाट १२ दशमलव ५५ र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ११ दशमलव ३७ प्रतिशत वस्तु आयात भएको विभागले जनाएको छ।

अलपत्र ठेक्का तोड्दै सरकार

# सिँचाइका १२ रुग्ण ठेक्का तोडियो सडकका थप ४० रुग्ण ठेक्का तोडिँदै



**काठमाडौं/मस-** ठेक्का सम्झौता गरी काम नगरेर वर्षौंदेखि अलपत्र पारिएका सिँचाइतर्फका १२ रुग्ण ठेक्का तोडिएको छ। साबिकको जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय नम्बर २ जलेश्वर महोत्तरीअन्तर्गतका १२ रुग्ण ठेक्का तोडिएको छ। बबई सिँचाइ आयोजनाका ६ रुग्ण ठेक्का तोड्न ३० असोजमा १५ दिने सार्वजनिक सूचना प्रकाशित भइसकेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले ठेक्का लिने तर काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न मातहतका निकायलाई निर्देशन दिएका थिए। सोहीबमोजिम ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाइएको थियो। सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, जनकपुरधामले आइतबार सार्वजनिक सूचनामार्फत १६ जेठ २०८१ र १ साउन २०८१ मा ठेक्का अन्त्य गर्ने आशयको सूचना दिइए पनि निर्माण व्यवसायीबाट सम्झौताबमोजिम काम सम्पन्न नगरी निर्माण अलपत्र पारेकाले ठेक्का अन्त्य गरिएको जनाएको छ।

कार्यालयबाट पटकपटकको अनुरोध तथा सर्वाजनिक सूचना जारी गर्दासमेत काम गर्न कुनै ध्यान नदिइएको हुँदा सम्झौतामा उल्लेखित प्रावधानअनुसार कार्यसम्पादन जमानत जफत गर्ने कारबाही अगाडि बढिसकेको जनाएको छ। साथै, सार्वजनिक खरिद कानुनको व्यवस्थाबमोजिम अन्य आवश्यक कारबाही अगाडि बढाउन हालसम्म गरिएको कामको नापजाँच एवं बाँकी कामको मूल्यांकन गर्न १५ दिनभित्र सम्पन्न गर्न जानकारी गराइएको छ। रद्द गरिएका ठेक्का आर्थिक वर्ष २०६८/६९, २०६९/७०, २०७३/७४ र २०७४/७५ मा गरिएका थिए।

### सडकका थप 80 ठेक्का तोड्ने प्रक्रिया सुरु

सडक र पुल निर्माणका लागि ठेक्का सम्झौता गरी काम नगरेर वर्षौंदेखि अलपत्र पारिएका थप ४० रुग्ण ठेक्का तोड्ने प्रक्रिया सुरु भएको छ। सडक विभागअन्तर्गत सडक डिभिजन कार्यालय तुम्लिङटार, इलाम, हेटौंडा र नेपालगन्जले आइतबार आफू मातहत रुग्ण अवस्थामा रहेका ४० वटा ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाएका छन्। तुम्लिङटारले १७, इलामले १२, हेटौंडाले ७ र नेपालगन्जले ४ ठेक्का गरी ४० ठेक्का किन नतोड्ने ? भन्दै आइतबार सार्वजनिक सूचना जारी गरेका छन्। विभिन्न सडक डिभिजन कार्यालयले यसअघि रुग्ण रहेका ६८ ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाइसकेका छन्।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले ठेक्का लिने तर काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न मातहतका निकायलाई निर्देशन दिएका थिए।

ठेक्का तथा योजनाको पटकपटक म्याद थप भई तोकिएको अवधिमासमेत निर्माण कार्य सम्पन्न गर्नेतर्फ चासो नदेखाई निर्माण कार्य अधुरो तथा अलपत्र परी निर्माण व्यवसायी लामो समयदेखि कार्यस्थलमा भौतिक रूपमा उपस्थित नभएर आधारभूत रूपमा ठेक्का उल्लंघन गरेको उल्लेख गरिएको छ।

विभिन्न मितिमा लिखित तथा मौखिक रूपमा कार्य सम्पन्न गर्न अनुरोध तथा जानकारी गराउँदा समेत निर्माण व्यवसायीबाट निर्माण कार्य सम्पन्नतर्फ कुनै चासो नदेखाई ठेक्का सम्झौता उल्लंघन गरिएको जनाइएको छ।

सूचना प्रकाशित भएको १५ दिनभित्र काम सम्पन्न गर्न सक्ने संशोधित कार्यतालिका, स्रोत साधन परिचालनको भरपर्दो योजना, कार्य सम्पन्न गर्ने प्रतिबद्धता र ठेक्का नतोड्ने कुनै मनासिब कारण भए सत्यतथ्य प्रमाण राखी स्पष्टीकरणसहित आधिकारिक व्यक्ति कार्यालयमा उपस्थित हुन सार्वजनिक आह्वान गरिएको छ।

सो अवधमा काम सुरु गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाबमोजिम ठेक्का सम्झौता अन्त्य गरी कालोसूचीमा राख्ने तथा कार्यसम्पादन जमानत, धरौटीबापतको रकम, पेस्की जमानत जफत र पेस्की रकमको १० प्रतिशत ब्याज असुल गर्नुको साथै बाँकी काम गर्न लाग्ने खर्च सरकारी बाँकीसरह असुलउपर गर्नेतर्फ कारबाही अगाडि बढाइने उल्लेख गरिएको छ।

कर्पोरेट

## थाई एसियाको भैरहवा–बैंकक उडान सुरु



**भैरहवा/मस-** थाई एसिया एयरले बैंकक-भैरहवा-बैंकक उडान आइतबारदेखि पुन: सुरु गरेको छ। आइतबार बैंककबाट एयरबस ३२० विमानले १७ जना यात्रुसहित सवा १२:०० बजे भैरहवास्थित गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो। साथै भैरहवाबाट १ सय ६२ जना बोकेर विमान दिउँसो १:१५ बजे पुन: बैंकक फर्किएको विमानस्थलका सूचना अधिकारी विनोदसिंह रावतले जानकारी दिए। उनका अनुसार एयरलाइनले बैंकक-भैरहवा-बैंकक मार्गमा सातामा दुईपटक उडान गर्नेछ। एयरलाइन्सले प्रत्येक साता आइतबार र बुधबारका लागि नियमित उडानका लागि अनुमति पाएको छ।

## एनआईसी एसियाद्वारा लिलाम बिक्री पोर्टल सार्वजनिक




**काठमाडौं/मस-** एनआईसी एसिया बैंकले बैंकका नाममा रहेका बैंकिङ तथा गैर-बैंकिङ सम्पत्तिका साथै धितो सुरक्षणमा रहेका सम्पत्तिहरूको लिलाम बिक्रीसम्बन्धी विस्तृत जानकारी उपलब्ध गराउने अनलाइन पोर्टल सार्वजनिक गरेको छ।

सञ्चालनमा ल्याएको सो पोर्टलमार्फत लिलाम बिक्रीमा रहेका सम्पत्तिको कित्ता नम्बर, क्षेत्रफल, फोटो, नक्सा र गुगल म्यापमार्फत स्थान पहिचान गर्न सकिने सुविधा उपलब्ध गराइएको छ। ग्राहकहरूले लिलामसम्बन्धी सूचनामा रहेको क्युआर कोड स्क्यान गरी सो पोर्टलमा प्रवेश गर्न सक्ने र त्यहाँबाट इच्छुक व्यक्तिले सम्पत्तिको विस्तृत विवरण हेर्नका साथै, थप जानकारी आवश्यक परेमा आफ्नो नाम, इमेल, मोबाइल नम्बर र ठेगानासहित म्यासेज पठाउने व्यवस्थासमेत गरिएको बैंकले जनाएको छ।

पोर्टलमा बैंकिङ गैरबैंकिङ र धितो सुरक्षणमा रहेका सम्पत्तिहरूका विवरण र लिलाम बिक्रीसम्बन्धी सूचना नियमित रूपमा प्रकाशन गरिने बैंकले उल्लेख गरेको छ।

## सानिमा बैंकको अध्यक्षमा पौडेल चयन



**काठमाडौं/मस-** सानिमा बैंकको सञ्चालक समितिको अध्यक्षमा तुकप्रसाद पौडेल चयन भएका छन्। बैंक सञ्चालक समितिको कात्तिक २ गते बसेको बैठकले पौडेललाई अध्यक्षमा चयन गरेको हो।

कात्तिक २ गते सम्पन्न २१औं वार्षिक साधारण सभाबाट पौडेलसहित बलराम पराजुली र निशा कुम्पाख निर्विरोध निर्वाचित भएका थिए। बैंकको साधारण सभाले एसएआर एसोसिएट्स चार्टर्ट एकाउन्टेन्टसलाई चालू आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षकमा नियुक्तसमेत गरेको छ।

## लुलु एक्सचेन्जले ल्यायो नयाँ अफर




**काठमाडौं/मस-** युएईको वित्तीय सेवा प्रदायक संस्था लुलु एक्सचेन्जले आफ्ना ग्राहकहरूका नयाँ अफर ल्याएको छ। कम्पनीले युएईमा रहेका नेपालीहरूले लुलु एक्सचेन्जमार्फत नेपालमा पैसा पठाउँदा १ किलो सुन, दुई मेगा पुरस्कार कार र मेसीले हस्ताक्षर गरेको अर्जेन्टिनाको फुटबल जर्सी जित्न सक्नेगरी अफर ल्याएको हो।

अफर अवधिभित्र नेपालमा पठाइएका प्रत्येक रेमिट्यान्स ट्रान्जेक्सन स्वतः लक्की ड्रमा सहभागी हुने जनाइएको छ। युएईस्थित लुलु एक्सचेन्ज विश्वव्यापी रूपमा विश्वासिलो वित्तीय सेवा प्रदायक संस्था हो। जसले पैसा पठाउन, मुद्रा विनिमय र भुक्तानी समाधानजस्ता सेवा आफ्ना शाखा सञ्जाल र अत्याधुनिक डिजिटल प्लेटफर्ममार्फत प्रदान गर्दै आएको छ। कम्पनी ल्याएको नयाँ अफर २०२५ नोभेम्बर २२ सम्म मान्य रहने जनाइएको छ।

## तिहारपछि खुलेको नेप्से ५.१९ अंकले बढ्यो




**काठमाडौं/मस-** तिहारको बिदापछि सेयर कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक सामान्य अंकले बढेको छ। नेप्से परिसूचक ५ दशमलव १९ अंकले बढेर २ हजार ५ सय ९ दशमलव ४ को बिन्दुमा कायम भएको हो।

विभिन्न ३ सय १३ कम्पनीका ५५ लाख ९६ हजार ७७ कित्ता सेयर २७ हजार ८ सय ९९ पटक खरिदबिक्री हुँदा कारोबार रकम २ अर्ब ६६ करोड १३ लाख २ हजार २ सय ८४ मा खुम्चिएको नेप्सेले जनाएको छ। आइतबारको कारोबारमा जीवन बिमा, उत्पादन तथा प्रशोधन, निर्जीवन बिमा, व्यापार र अन्य समूहको उपसूचक बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ। एसबिएल डिबेन्चर २०८९ को सेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने तारागाउँ रिजेन्सी होटल लिमिटेडको सेयर मूल्य ७ दशमलव १६ प्रतिशतले घटेको छ।

## दुध प्रशोधन गर्दै दुग्ध उत्पादक सहकारी संघ

**चितवन/मस-** जिल्लाका दुग्ध उत्पादक सहकारी संघको छाता संस्था चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघले आफैंले दुध प्रशोधन सुरु गरेको छ। संघले रत्ननगर नगरपालिका-५ झुवानीमा गौरीधारा डेरी उद्योग भाडामा लिएर अस्थायी रूपमा दुध प्रशोधन सुरु गरेको जनाएको छ।

संघले स्थायी रूपमा दुध प्रशोधनका लागि भने भरतपुर महानगरपालिका-१५ फूलबारीमा पाँच कट्ठा जग्गासमेत खरिद भइसकेको जनाएको छ। सो जग्गामा उद्योग सञ्चालनका लागि बागमती प्रदेश सरकारबाट ५० लाख रुपैयाँ विनियोजन भइसकेको संघका जिल्ला अध्यक्ष किशोर बगालेले जानकारी दिए।

उनले भने, 'अहिले अस्थायी रूपमा झुवानीमा दुध प्रशोधन सुरु भइसकेको छ, अहिले दुधका साथै घिउ, नौनी, पनिर, खुवा, दही, मोही उत्पादन सुरु भएको छ।' उनका अनुसार हाल उक्त प्लान्टमा दैनिक १ हजार लिटर दूधसम्म प्रशोधन गर्न सकिन्छ।

फूलबारीमा आफ्नै प्लान्ट स्थापना भएपछि भने दैनिक २ हजार लिटरसम्म दुध प्रशोधन गर्न सकिने उनको भनाइ छ। भविष्यमा उद्योगको क्षमता बढाएर दैनिक १५ हजार लिटरसम्म दुध प्रशोधन गरिने संघको लक्ष्य छ। 'भविष्यमा आइसक्रिम, चकलेटलगायत पनि उत्पादन गर्ने लक्ष्यका साथ प्लान्ट स्थापना हुनेछ,' उनले भने।

संघका अनुसार जिल्लामा दैनिक ३ लाख ५० हजार लिटर दुध उत्पादन हुने गर्छ। जसमध्ये १ लाख ५० हजार लिटर दुध बजारमा बिक्री हुँदै आएको छ। चितवनमा उत्पादन हुने दुध काठमाडौं, पोखरा, हेटौंडालगायत सहरमा पुग्छ। जिल्लाका १ सय १५ वटा सहकारीले दुध संकलन हुने गर्छ। ती सहकारीमा ४० हजारभन्दा बढी किसान आबद्ध छन्।

**Gandaki Rural Municipality**
**Office of Rural Municipal Executive**
**Bhulmichok, Gorkha**
**Gandaki Province, Nepal**

**Notice for Opening of Price Bids**

**Date of publication: 2082/07/10**

Pursuant of clause 31 (nga), Sub clause 5 of Public Procurement Regulation, 2064 (including amendments), this is to notify all the concerned bidders, participated in the bidding of contract invited through IFB no: GRM/WORKS/NCB/01/2082/83 published on Madhyanha Patrika National Daily dated 2082/05/10 (26th August, 2025). The technical bids of following listed bidders for contracts are qualified. All the qualified bidders are notified to participate in opening of price bids scheduled on 2082/07/17 (3rd November, 2025) 13:00 hours at the Gandaki Rural Municipality Office, Gorkha.

| S.N | Contract ID/Project Name | Name and Address of Qualified Bidders |
|---|---|---|
| 1 | GRM/WORKS/NCB/01/2082/83 Upgrading of Kulbeshi Dalbhanjyang Kaudi Aamdada Batase Road | Yangji Construction and Engineering Pvt.Ltd., Kathmandu |
| | | Persiha Construction and Supplier Pvt.Ltd., Chitwan |
| | | Mahadev Bhairabi Construction- Dhading Nilkantha Nirman Sewa and Suppliers J.V. |

**Chief Administrative Officer**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**